# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ५ माघ २०७९

# बिहीवार

# बैठक सङ्ख्या- ३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु । माननीय अनिता देवकोटा ।

(१३:०४ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, नवनियुक्त प्रधानमन्त्री र मन्त्रीहरूलाई हार्दिक बधाई । कुरा होइन परिणाममुखी काम गर्न आग्रह । सम्माननीय अध्यक्षज्यू, दाङ कुरेपानी घोराही हुँदै तुलसीपुर जोड्ने निर्माणाधीन चार लेनको सडक समयमै सम्पन्न नहुँदा दङ्गालीले निकै सास्ती बेहोर्नु छ । दुर्घटनाबाट धेरैको ज्यान गइसकेको छ । उक्त सडक कहिलेसम्म सम्पन्न हुन्छ? सरकार के हेरेर बसेको छ? किन गम्भीर रूपमा ध्यान जाँदैन?

सम्माननीय अध्यक्षज्यू, यही माघ १ गते काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्स दुर्घटना हुँदा सवार सबैको अकल्पनीय दुःखद् निधन भएको छ । मृतकप्रति हार्दिक

श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । परिवारजनमा गहिरो समवेदना व्यक्त गर्छु । सम्माननीय अध्यक्षज्यू, नेपाली आकाश यति धेरै किन असुरक्षित हुन्छ? अब यस्ता घटना नदोहोरिनको लागि सम्बन्धित निकायको गम्भीर ध्यान जाओस् भनी ध्यानाआकर्षण गराउँछु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय ईन्दु कडरिया ।

**(१३:०५ बजे) माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, गत माघ १ गते काठमाडौँबाट पोखराका लागि उडेको यती एयरलाइन्सको विमान कास्कीको सेती खोचमा दुर्घटना हुँदा चालक दलका सदस्यसहित ७२ जनाले ज्यान गुमाए, ज्यान गुमाउनेप्रति सबैमा श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु । उक्त घटनामा ठूलो मानवीय क्षति भयो । देश शोकमा डुब्यो । यस्ता घटनाहरू फेरि पनि नदोहोरिउन् भन्नाका लागि सरकार संवेदनशील हुन जरुरी देखिन्छ । हवाई यात्रालाई सुरक्षित र भरपर्दो बनाउन अब सरकारले सबै जहाजहरूको क्षमताको परीक्षण गर्न आवश्यक छ । परीक्षण गर्दा प्राविधिक समस्या नदेखिए पनि लामो समय उडान गरेका जहाजमा पहिलेकोभन्दा पुरानो हुँदै जाँदा त्यसमा क्षमतामा ह्रास आउने हुँदा त्यसको भौगोलिक बनोटलाई मध्यनजर गर्दै नेपाली आकाशमा उड्ने सबै जहाजको क्षमताको परीक्षण गरी सुरक्षित र भरपदो यात्रा गराउन म अध्यक्षमार्फत संघीय सरकारको ध्यानाआकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल देवकोटा ।

**(१३:०६ बजे) माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, Christian Missionaries target the birthplace of Buddha in Nepal भन्ने शीर्षकमा भर्खरै मैले BBC मा प्रकाशित एउटा समाचार हेरेँ । त्यो समाचारमा कोरियन इसाइ धर्म प्रचारकहरू बुद्धको जन्मभूमि नेपालमा आक्रमक तरिकाले हिन्दु र बौद्ध धर्म मान्नेहरू विशेष गरी तामाङ्गलगायका आदिवासी जनजाति र दलित समुदायमा धर्म परिवर्तन गराउन सक्रिय रहेको भन्ने खालको समाचार छापिएको छ ।

यसमा अब म विशेष गरी यो हिमाल, पहाडतिर छ्याप्छ्यासी चर्चहरूको सङ्ख्या बढेको छ । नेपालमा करिब ८ हजार चर्चहरू रहेको समाचारमा राखिएको छ भने २२ हजारभन्दा बढी इसाई धर्म प्रचारकहरू विशेष गरेर कोरियनहरू देशभन्दा बाहिर रहेको र कतिपय देशहरूले उनीहरूलाई आफ्नो देशबाट निकाला गरेको भन्ने समाचार पनि त्यसमा लेखिएको छ। र नेपाल विश्वमै सप्पैभन्दा धेरै इसाई समुदाय बढ्दै गएको देश हो भन्ने वाक्यलाई एकदम हाइलाइट गरिएको यो समाचार पढ्दा र सुन्दा करिब आधा घन्टाको अडिओ पनि छ सम्माननीयज्यू, स्तब्ध हुने खालको छ । गरिब र बेरोजगारीको फाइदा लिएर लोभलालच र प्रवाभमा पारेर धर्म परिवर्तन गराउने ..... (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१३:०७ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यही आइतवार काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्स ATR ७२ विमान दुर्घटना विमान स्थल सेती नदी खोचमा दुर्घटनामा परी चालक दलका ४ जना र ६८ जना यात्रुसहितको कुल ७२ जनाको दुःखद् निधन भयो । मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली । शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु ।

त्रासदीपूर्ण र पीडादायी सो हवाई दुर्घटना नेपालको आन्तरिक हवाई दुर्घटनाको हालैसम्मको सबैभन्दा ठूलो मानवीय क्षति भएको घटना हो । हालसम्म मृतकको ७२ जनामध्ये ७१ जनाको शव पहिचान भएको छ । ४५ दिन समय दिएर पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्त्वमा पाँच सदस्यीय जाँचबुझ समिति गठन भएको छ ।

आठ महिनाअगि मुस्ताङमा भएको तारा एयरको विमान दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको थियो । यस घटनाको जाँचबुझ समिति प्रतिवेदन हालसम्म सार्वजनिक भएको छैन । समिति बन्ने समयमा प्रतिवेदन पेस नहुने । पेस भएको प्रतिवेदनउपर कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्दै यस्ता मानवीय संवेदनशील विषयमा गठित समितिको प्रतिवेदन समय सीमाभित्र तथ्य, सत्य यथार्थपरक ढङ्गले सार्वजनिक गर्न, प्रतिवेदनमा उल्लेखित विषय कार्यान्वयनमा जोड दिन आगामी दिनमा यस्ता घटना घट्न नदिन हवाई उडानको क्षेत्रमा आवश्यक ..... (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय नन्दा चपाई ।

(१३:०८ बजे) **माननीय श्री नन्दा चपाई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, सम्पूर्ण जनताको बलिदान र बलिदान स्वरूप प्राप्त लोकतान्त्रिक गणतन्त्रलाई लक्ष्यमा पुऱ्याउनको निमित्त यो सबै क्षेत्रमा इमान्दारिता चाहिन्छ होला । तर यो भर्खरै एउटा २०७९/०९/२६ गतेको अखबारमा भनेअनुसार वीर अस्पतालमा आन्द्राको एमआरआई गर्ने मेसिन १५ वर्षसम्म अस्तव्यस्त अवस्थामा छ रे । त्यो अहिलेसम्म, त्यो मेसिन अस्तव्यस्त भइसकेपछि जनता सेवाग्राहीहरू त्यो मेसिन बनाउन नहुने र त्यसमा सेवा नहुने भइसकेपछि सम्पूर्ण अन्य क्षेत्रमा जान अथवा नीजीमा जान बाध्य भएका छन् । यो घटना प्रतिनिधिमूलक मात्रै हो । स्वास्थ्यको क्षेत्र, शिक्षाको क्षेत्र हरेक क्षेत्रमा यस्तै लापरबाहीहरू भेटिएको छ । यसमा सबैको इमान्दारिता चाहिन्छ होला । यसमा यसलाई इमान्दारिता ..... (समय सकिएको ।)

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

(१३:०९ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सुशासनको खिल्ली उडिरहेको छ । स्वार्थको द्वन्द्व अत्यन्तै इन्ट्रेसटिङ हुने गरी मन्त्रालय ताकिरहेका छन् । र मन्त्रीहरू नियुक्त भइरहेका छन् । म तिनीहरूलाई नैतिकताको आधारमा तुरुन्त राजीनामा दिनुपर्यो भन्दछु । र राजीनामा पनि माग्दछु । यूएन महासन्धि अनुकूल हुने गरी स्वर्थको द्वन्द्वसम्बन्धी ऐन तुरुन्त ल्याउन म नेपाल सरकारको ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सिंग बहादुर विश्वकर्मा ।

(१३:१० बजे) **माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त म नवनिर्वाचित मन्त्रीज्यूहरूलाई हार्दिक बधाई र उहाँको कार्यकालको शुभकामना भन्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, हाल नेपालमा आत्महत्याको सङ्ख्या दिनहुँ बढ्दै गइरहेको छ । आत्महत्यापश्चात् मृत शरीरको पोष्टमार्टम गर्नुपर्ने हुँदा शनिवार र बिदाको दिनमा तोकिएको अस्पतालमा डाक्टरको अनुपस्थिति हुने र सर्वसाधारणले पोष्टमार्टमको लागि जिल्ला अस्पताल लागुपर्ने अवस्था हुँदा सर्वसाधारणलाई खर्चिलो

र समस्या हुने भएकोले उक्त समस्या समाधानको लागि तोकिएको अस्पतालमा बिदाको दिनमा समेत डाक्टरको उपस्थिति रहोस् भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ध्यानआकर्षित गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय नर बहादुर विष्ट । समय ७ मिनेट । यसपछि माननीय कमला पन्थ ।

(१३:११ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको तेस्रो बैठक । म सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु र साथै माघ १ गते यती एयरलाइन्सको विमान काठमाडौंबाट पोखरामा जुन दुर्घटना भयो । वहाँ मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र साथै यो सङ्घीय गणतन्त्र ल्याउनमा भूमिका निर्वाह गर्नुहुने महान सहिदहरू दस वर्षको जनयुद्ध मधेस आन्दोलन, थारूहट आन्दोलन, जनजाति आन्दोलनलगायतका थुप्रै आन्दोलनबाट सहादत प्राप्त गर्नुहुने ती वीर सहिदहरूप्रति म भावपूर्वक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र घाइतेहरूप्रति म सम्मान प्रकट गर्न चाहन्छु ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको ४४ औं प्रधानमन्त्री नेकपा माओवादीका पार्टीका अध्यक्ष कम्रेड पुष्पकमल दाहाल प्रचण्ड र वहाँको मन्त्री मण्डल हिजो मात्रै विस्तार भएको छ । वहाँहरूलाई म यो कार्यकालको सफलताको शुभकामना दिन चाहन्छु र मङ्सिर ७ गते भएको सङ्घीय र प्रदेशको निर्वाचनमा निर्वाचित हुने माननीय सदस्यहरू सातओटै प्रदेशका मुख्यमन्त्री त्यहाँ गठित मन्त्रिपरिषद्का सदस्यहरूलाई पनि म हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । यो सरकार आज राष्ट्रिय एकताको सरकार बनेको छ । २०५१ सालमा स्वर्गीय मनमोहन अधिकारीको अल्पमतको सरकारलाई जसरी समर्थन भ'को थियो । दोस्रोचोटि आज २७० जनाको उपस्थितिमा आज २६८ जनाले दिएर यो बहुमतको सरकार बनेको छ । ०६२/०६३ को जनआन्दोलन १० वर्षको जनयुद्धको १२ बुँदे सम्झौताले एकतालाई मजबुत बनाउनको लागि स्वर्गीय गिरिजाप्रसाद कोइरालाले सधैं भन्ने गर्नुभएको थियो । कि सहकार्य सहयात्रा र एकताको मजबुत कडी र जनयुद्धका बाँकी कामहरू शान्ति

सुरक्षाका र शान्ति प्रक्रियाका बाँकी कामहरू यो राष्ट्रिय सहमतिको सरकारले पूरा गर्ने छ । किनभने आज नेपालको एउटा सर्वभौमसत्ता सम्पन्न देश हो । राष्ट्रिय अखण्डता र सर्वभौमिकतालाई कसैको कुनैको कसैको इसारामा नलागेर आफ्नै नेपालीले पनि नेपाली नेपालीले पनि यो देशलाई चलाउन सक्छन् भन्ने एउटा यो जुन खालको सन्देश दिएको छ । यसले अब विकास सुशासन, समृद्धि, दिगो शान्ति कायम गर्ने र यो सरकारको मुख्य लक्ष्य हुने छ र साथै यो सरकारले ल्याएको २१ बुँदे जुन खालको कार्यक्रम छ । यो कार्यक्रमलाई अबका दिनहरूमा हामीले बोलीमा होइन । भाषणमा हैन । प्रतिबद्धता र जनताका इच्छा र आकाङ्क्षा नयाँ पुरानोको समिश्र भएको छ । नयाँ राजनीतिक पार्टीहरू पनि जोस र जाँगरका साथ मन्त्री मण्डलमा हुनुहुन्छ आज । त्यसैले यो युवा, वृद्ध र प्रौढको मिश्रण जुन खालको मन्त्री मण्डल बनेको छ । यसले यी सबै आवाजालाई मुखरित गरेर यी देशलाई सुशासनको र समृद्धिको विकासको अग्रगतिमा लैजाने मैले आशा गरेको छु । त्यसैले हामी आज यो तेह्रौं राष्ट्रिय सभाको अधिवेशनमा हामी उपस्थित भएका छौं । यसले निश्चित रूपमा दीर्घकालीन ढङ्गले जनताका इच्छा र आकाङ्क्षा र बाँकी रहेको शान्तिको मिसनलाई यो राष्ट्रिय सहमतिको सरकारले पूरा गर्ने छ भन्ने मैले आशा गरेको छु ।

र साथै अहिले हामी यत्रतत्र सुन्ने गरेका छौं । काठमाडौं महानगरले सफा सिटी बनाउँदै छ । तर सफा सिटी बनाउँदै राम्रो काम गर्दागर्दै पनि आज वीर अस्पतालदेखि जिल्ला अदालत हुँदै थुप्रै अदालतदेखि लिएर थुप्रै सार्वजनिक स्थानमा जुन यातायात बस, मोटरसाइकल, ट्याम्पुदेखि लिएर थुप्रैले सास्ती बेहोरेका छन् । १५ सय जरिबाना कानुनविनाको १५ सय जरिबाना जुन ट्राफिक प्रहरीले अनियमित तरिकाले जुन गरेको छ सम्माननीय अध्यक्षमार्फत यो सरकारको ध्यानाकर्षण गर्न चाहन्छु कि मान्छे उपचार गर्न गएको हुन्छ तर बाहिर उसको गाडी लकअप गरेर बसेको हुन्छ । उसले ट्राफिक कार्यालयमा गएर जरिबाना तिर्नुपर्ने स्थितिको जुन खालको सृजना भएको छ । त्यसैले नियमित सङ्गत र अनुशासित ढङ्गले यसलाई व्यवस्थापन गर्नको लागि यातायात यो सरकारलाई म अध्यक्षमार्फत म ध्यानाकर्षण गराउन चाहन्छु ।

र साथै मैले २/४ दिनअगाडि एउटा समाचार सुनें । हाम्रो गौरवशाली सेनाको भित्र अहिले गुटै र उपगुटले भरिएर भर्खरै एउटा उपरथी प्रेम शाही सर्वोच्च अदालतबाट नागरिकता र चाहिँ सर्टिफिकेट मितिको विवादले उनीहरूको बिचमा द्वन्द्व थियो । सर्वोच्च अदालत, सम्माननीय सर्वोच्च अदालतले उनलाई सफाइ दियो एउटै हो भनेर सफाइ दियो । सफाइ दिइसकेपछि उनी जङ्गी अड्डा जान्छन् । जङ्गी अड्डा गएपछि जङ्गी अड्डाको हिरासतमा हुन्छ । सर्वोच्च अदालत सम्मानित अदालत ठुलो कि ? जङ्गी अड्डा ठुलो ? यो प्रश्न चिह्न खडा

भएको छ । त्यसैले त्यहाँभित्र पनि धेरै गुटहरू इमान्दार मान्छेहरूको आज ऊ छैन भन्ने पनि खालको गुनासो पनि आइरहेका छन् । यो पनि म सम्मानित अध्यक्षमार्फत यो सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

र साथै हामी यति बेला सुशासनको कुरा गरिरहेका छौं । चौतर्फी महङ्गी बढेको छ । यो सरकारले फेरि पनि बजारलाई नियन्त्रण गर्न बजार अनुगमन गरेर उपभोक्तालाई जुन खालको महङ्गीको ढाड सेकिएको छ । त्यसलाई नियन्त्रण गर्न र बजारलाई व्यवस्थित तरिकाले अनुगमन गरेर सुशासनको प्रत्याभूति दिनको लागि भर्खरै अहिले सातओटै प्रदेशमा जुन खालको यो श्रम स्वीकृति लिने व्यवस्था गरेको छ । त्यसै गरीकन डिजिटल युगमा अहिलेको यो इन्टरनेटको युगमा मान्छे घन्टौंसम्म पर्खिराखेका छन् । निरीक्षण गर्ने सस्तो लोकप्रियताको नाममा युट्युबमा हुनेको नाममा होइन कि वास्तविक व्यवहारिकतामा (**<u>सम्माननीय अध्यक्ष</u>**ः- के नियमापत्ति भो' माननीयज्यू)

(१३:१८ बजे) **<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**ः- सभा चलिरहेको बेला सरकारको उपस्थिति छैन । त्यसैले सभा सञ्चालन हुन सक्दैन । (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मन्त्रीलाई वाहाँ वासरुम जान त छुट हुन्छ होला । आइपुग्नुभा'को छ बोल्नुस् माननीयज्यू ।)

**<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)</u>**ः- त्यसैले म राष्ट्रिय सभामार्फत सुशासनको अनुभूति दिनको लागि जुन खालको यो सरकारले २१ बुँदे कार्यक्रम ल्याएको छ त्यसलाई प्रभावकारी ढङ्गले यसको प्रभावकारी अनुगमन गरेर अगाडि बढ्नको लागि म सम्मानित यो राष्ट्रिय सभामार्फत यो सरकारको ध्यानाकर्षण गर्न चाहन्छु र साथै पुनः म यो सरकार राष्ट्रिय सहमतिको सरकार हो । यसले राष्ट्रिय सहमतिको आधारबाट समग्र नेपाली जनताको विकास र समृद्धिको एकतालाई.....(समय सकिएको ।) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय कमला पन्त । समय ८ मिनेट । यसपछि माननीय तुलसा कुमारी दाहाल ।

**(१३:१९ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले केही कुरा सार्वजनिक महत्त्वका कुराहरू केही राख्न चाहन्छु । अध्यक्षज्यू, हामी नेपालीहरू कति पीडित छौं भन्ने कुरा ।

**(१३:१९ बजे) <u>पीठासीन</u>**:- माननीय श्री जयन्ती देवी राई ।

**<u>माननीय श्री कमला पन्थ (नेपाली काँग्रेस)</u>**:- सार्वजनिक यातायातबाट नै प्रष्ट हुन्छ । सार्वजनिक यातायात ४ थरीका सार्वजनिक यातायातहरू छन् । एउटा सडक यातायात, एउटा हवाई यातायात, अर्को जल यातायात त हामीकहाँ त्यति प्रयोगमा छैन । डुङ्गा सुङ्गाको व्यवस्था मात्रै हो र अर्को ट्रेन कतै कतै छ । तर हामी हाम्रो साधारणतया मध्यमवर्गी, निम्न मध्यमवर्गी र उच्च वर्गीको भनौं । सबैको यातायातको साधन भनेको सडक यातायात हो । सडक यातायातको अवस्था कस्तो १९९६ देखि हामीले सडक यातायात प्रयोग गर्न सुरु गरेम् र सडक यातायात एकदमै सडक यातायातमा दुर्घटना धेरै हुन्छ भनेर कहिले कहिले हामी हवाई यातायातको खोजी गर्छौं र हवाई यातायात पनि धेरै पैसा भएर हामीले खोजी गरेको होइन । नेपाली जनताले दुःखसाथ सडक यातायातको दुर्घटनाबाट आतङ्कित भएर हवाई यातायातको खोजी गरेको हुन्छ र हवाई यातायातको दुर्दशा पनि अहिले हामीले देखिराखेको अहिलेको अवस्था छ ।

त्यसले गर्दा अध्यक्ष महोदय, कस्तो १९९६ देखि अहिलेसम्म लगभग १ लाख सडक किलोमिटर सडक बनेका छन् । र हाम्रा सडकहरू धुले सडकहरू छन् । सबै कच्ची सडकहरू छन् । कच्ची सडकको समस्या एउटा त वर्षायाममा बाढी जाने । प्राविधिक रूपले हाम्रा सडकहरू त्यति प्राविधिकले यो चाहिँ ठिक छ हइ भनेको स्थिति पनि होइन । हामी जबर्जस्त सडक बनाउछौं । त्यो सडकहरू मापदण्डविपरीतका सडकहरूले अहिले नेपाली मध्यम वर्गी र निम्न मध्यम वर्गी नेपाली नागरिक क्षतविक्षत अस्ति भर्खरै पनि सडक यातायातबाट दुर्घटना भयो । धेरै नेपालीहरूको ज्यान गयो । र अहिलेसम्म सडक यातायातबाट दुर्घटनाग्रस्त भ'का नेपालीहरूको तथ्याङ्क हेर्ने हो भने कहाली लाग्दो छ अध्यक्ष महोदय । त्यसले गर्दा म सडक यातायातमा एउटा त सडकमा चढ्नै गाह्रो छ । सडक यातायातमा टिकट पाउन गाह्रो छ । टिकट पाउन गाह्रो भ'को अवस्थालाई मध्यनजर गर्दै म सरकारसँग के निवेदन गर्न चाहन्छु भने । कम्तीमा पनि इ-टिकटको व्यवस्था गरियोस् । अर्को कुरा के छ भन्दा चढ्न चढिन्छ तर हिंसा हुन्छ । महिलाहरूलाई सडक यातायातमा एक्दमै अस्मितै जोगाउन गाह्रो

छ । अस्मिता कसरी जोगाउने भन्ने छ । हिंसा हुन्छ सडकमा कोचाकोच हुन्छ । समस्या हुन्छ सडकमा सार्वजनिक यातायात चढ्न नपर्ने त्यसमा पनि अरू विशेष सुविधाका साथ हिँड्नेहरूको त अर्को समस्या छैन होला । तर नेपाली नागरिकको सत्य तथ्य समस्यालाई बुझ्ने हो भने यहाँहरू सबैले बुझ्न सक्नुहुन्छ । त्यसले गर्दा सडक यातायातको समस्यालाई यहाँहरूले राज्यले विशेष ध्यान पुऱ्याओस् । र राज्यले भन्ने मात्रै होइन । बोल्ने मात्रै होइन । काम गरेर देखाओस् भन्ने म अनुरोध गर्न चाहन्छु ।

अर्को कुरा चाहिँ के भन्दा अनियमित भाडा दर । अनियमित भाडा दरलाई कसले नियन्त्रण गर्ने ? सधैं झगडा परेको हुन्छ । यति पैसा होइन र ? यति दिए पुग्दैन, भनेर सधैं झगडा परेको हुन्छ । त्यो भाडाको दर टाँसेको हुन्छ तर त्यो दरमा पनि यो उसले मानेको हुँदैन । उनीहरूले सकेसम्म धेरै भाडा लिन खोजेको हुन्छ । अर्को के भन्दा सवारीचालक र सहयोगीहरूसँग उसले यातायातमा सडक यातायातमा सधैं झगडा गर्न परेको हुन्छ यात्रुहरूले । यात्रुहरू समस्यामा परिराखेका हुन्छन् र यति धेरै दुर्घटना हुन्छ सडक यातायातमा अध्यक्ष महोदय, यसलाई विशेष मध्यनजर राखोस् सरकारले ।

र अर्को कुरा के भन्दा हामीलाई हामी सडकको कुरा गर्छौं । सडक बनाउन पाए हुन्छ भन्छौं । तर सडकको गुणस्तरको बारेमा हामी सोच्दैनौं । राज्यले एउटा निर्देशिका तयार गर्नुपर्यो र त्यो निर्देशिकालाई तुरुन्त लागु गर्नुपर्यो । यो त जनताको ज्यान जोखिममा राखेर कति दिन जनता हिँड्ने ? कति दिन यात्रा गर्ने ? हामी यति कसैको पनि संवेदन यसका बारेमा कति धेरै संवेदनशीलता छ भन्ने कुरा सबैले बुझेको कुरा हो । राज्य बोल्ने होइन । गर्नेतिर जाओस् । राज्यले अब सडक दुर्घटनाबाट जनताले अब दुर्घटना भयो भनेर चाडपर्व आ'को छ । चाडपर्वमा सबै जान्छन् घर घर । घर जान पर्ने छ बाटैमा दुर्घटना हुन्छ । सिङ्गो गाउँ नै स्तब्ध भ'को परिस्थिति हुन्छ । यो सबैभन्दा ठुलो कुरा मानवताको कुरा हो मान्छे जिउन पाउनुपर्यो । जिउन पाउने अधिकार भनेको सबभन्दा ठुलो अधिकार हो । हामी पहिला पहिला कुरा गर्थेम् । "मानव अधिकार वर्ष" पुस्तक भनेर आयो भने लुकाएर राख्न मन लाग्थ्यो । त्यस्तो प्रेम गर्न मन लाग्थ्यो । "मानव अधिकार वर्ष" पुस्तक भनेर भन्दाखेरि अहिले त्यो किताब देख्दा फेरि हाम्रो आफ्नै पनि संवेदनशीलता छैन । ए ! के होला र मानव अधिकार भनेको भन्ने जस्तो भैसक्यो । हामी धेरै धेरै संवेदनहीन भ'को त्यो परिस्थितिमा विशेष गरेर संवेदनशीलता बढाउनुपर्यो । अब सार्वजनिक यातायात प्रणालीको सुधारको लागि योजनाबद्ध ढङ्गबाट अध्यक्ष महोदय, हामी अगाडि बढ्न पर्यो ।

अर्को कुरा हवाई यातायातको कुरा हामीले १९९६ देखिको सडक यातायातको प्रयोग गयौं र हवाई यातायातको दुर्दशा अहिले भर्खरै यती एयरको क्षतविक्षत दुर्घटना भयो । मेरै हाम्रै गण्डकी प्रदेशमा यो पनि पोखरामा पुगिसकेको १ सेकेन्डमा पुग्न सक्ने जहाज दुर्घटनाग्रस्त भयो । यसको वास्तविकता के हो त ? अहिले अगाडि अगाडि पनि दुर्घटना हुन्छ । कमिटी बन्छ । अध्ययन गरिन्छ । अध्ययन प्रतिवेदन बुझाइन्छ । र प्रतिवेदनमा के छ ? सार्वजनिक पनि त्यति गरेको जस्तो मलाई लाग्दैन । सार्वजनिकै गरे पनि सुन्नमा के आउँछ भन्दा कसको कहाँ पहुँच पुगेको हुन्छ । पहुँचवालाले यो चाहिँ यस्तो मिलाइदिनुस् हइ भनेको पनि भनिन्छ रे भनेको पनि सुन्नमा आ'को छ पहिला मेरो निवेदन चाहिँ सरकारले जनताको ज्यान धनको सुरक्षा गर्ने उसको कर्तव्य हो । ज्यान जोखिममा नराखोस् अध्यक्ष महोदय, म सक्नै लागें । म अन्त्यमा यती एयरमा यो दुःखद् घटनामा परेका सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । परिवारजनमा हार्दिक समवेदना प्रकट गर्न चाहन्छु । हाम्रो मन्त्रीज्यू भरखर आउनुभो' राष्ट्रिय सभाका दुई जना मन्त्रीहरू वरिष्ठ मन्त्री बन्नुभ'को छ । एउटा उपप्रधानमन्त्री एउटा परराष्ट्र मन्त्री विदेशी सम्बन्ध असाध्यै प्रगाढ बनोस् । म शुभकामना दिन चाहन्छु उपप्रधानमन्त्री (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीयज्यू समय सकियो ।) सकिहालें अध्यक्षज्यू म वहाँलाई चाहिँ सडक दुर्घटना र यातायात दुर्घटना हवाई यातायात दुर्घटना हवाई यातायात त अर्को मन्त्रालयमा पर्यो । सडक दुर्घटनालाई रोक्नको निम्ति वहाँको विशेष ध्यान जाओस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा देवी दाहाल । समय १० मिनेट ।

**(१३:२८ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म तेह्रौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । २०७९ मङ्सिर ४ गते भएको निर्वाचनमा मतदान गर्नुहुने सम्पूर्ण मतदाताहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । र नवनिर्वाचित प्रदेश सभाका माननीय र प्रतिनिधि सभाका सम्पूर्ण माननीयहरूलाई पनि बधाई र कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

त्यसै गरी सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लगायत नयाँ नवनिर्वाचित माननीय मन्त्रीज्यूहरूलाई बधाई दिँदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । र हाम्रो राष्ट्रिय सभाबाटै दुईजना माननीय मन्त्रीहरू हुनुभएको छ । उहाँहरू दुवैलाई हार्दिक बधाई र कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

यसै गरी हृदयविदारक घटना मागीको दिन माघे सङ्क्रान्तिको दिन घट्न पुग्यो । र ७२ जना व्यक्तिहरूले जीवन गुमेको छ । र मृत्युवरण गर्नुहुने सम्पूर्ण यात्रीहरू यती एयरका यात्रीहरूलाई म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्न चाहन्छु । र समवेदना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, आज म केही समसामायिक विषयमा आफ्ना भनाइहरू राख्न चाहन्छु । संघीय संसदमा राजनीतिक समीकरण बदलिएको छ । हाम्रा आसनहरू मात्रै बदलिएको छैन कि अवस्था पनि बदलिएको छ । नेपाली आफैले आफ्नै पहलमा सरकार बनाएका छन् । राजनीतिमा सम्भावनाका ढोकाहरू जहिले पनि खुल्ला हुन्छन् भन्ने कुरो एकपटक फेरि उजागर भएको छ र सही सावित भएको छ । राष्ट्रिय सभा बौद्धिक व्यक्तिहरूको सभा हो । यहाँ गरिमामय र सम्मानित व्यक्तित्त्वहरूको उपस्थिति छ । हामीले अभिव्यक्त गरेका विचारहरू, विषयहरू, सन्दर्भहरू देशभित्र मात्र होइन विदेशमा पनि सुन्ने गरिन्छ । चासोपूर्वक हेर्ने गरिन्छ । यी सन्दर्भको महत्त्व र अर्थ पनि रहने गरेको छ । हुनत हामी सबै माननीयहरू सचेत छौं । राष्ट्रियता, सार्वभौमसत्ता संघीय लोकतान्त्रिक गणतन्त्रको विषयमा सचेत पनि छौं र जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरिरहेका छौं । यति हुँदाहुँदै पनि हामीले आफूले बोलिरहेका कुराबाट पर्न सक्ने असरको बारेमा ख्याल गर्नुपर्छ भन्ने मलाई लाग्छ । नवनिर्वाचित मन्त्रिपरिषद्, वर्तमान सरकारले देशमा सुशासन कायम गर्नको लागि र गराउनको लागि ठुलो चुनौतीको सामना गर्नुपर्ने छ । गरे के हुँदैन र? अस्तव्यस्तालाई लयमा ल्याउनको निम्ति समय लाग्ने छ । विगतदेखि थालनी गरिएका राष्ट्रिय गौरवका आयोजनाहरूलाई निरन्तरता दिन पूरा गर्नका लागि विकास निर्माणका साथमा जनताको जीवनस्तरमा परिवर्तन ल्याउनका लागि उतिकै आवश्यक र जरुरी पनि छ । सतहमा देखिएका सत्तामा देखिएका समस्याहरू पनि उत्तिकै चुनौतीपूर्ण बडो सावधानीपूर्वक समाधान गर्नुपर्ने छ ।

सम्माननीय अध्यक्ष महोदय, राजनीतिक स्थायित्व र स्थिरताको निम्ति देश र जनतालाई केन्द्र भागमा राखेर काम गर्नको लागि वर्तमान सरकार सवल हुनुपर्छ । त्यो बाटोमा उत्तिकै रूपमा लाग्नुपर्छ । उत्तिकै महत्त्व र भूमिका यो सरकारको रहन्छ । राष्ट्रिय सभामा र प्रतिनिधि सभा, राष्ट्रिय सभा प्रतिनिधि सभाको छाया बन्नुहुँदैन । यसको लागि नियमावली परिवर्तन गर्न आवश्यक छ भने हामी परिवर्तन गरेर जाऔँ । प्रतिनिधि सभामा कुनै पनि दलले बहुमत प्राप्त गर्न सकेन । र अहिले जुन सरकार बनेको छ । यो यथार्थता हाम्रो सामु प्रष्ट छ । र जुन कुरो पुरानो गठबन्धन भत्किएको छ र नयाँ समीकरणको आरम्भ भएको छ । त्यहाँ के देखियो भने वामपन्थी एकता ठिक्न सकेन । तर सहकार्यले चाहिँ निरन्तरता पाउने सम्भावना देखिएको

छ । र अनुभूति पनि गरिएको छ । अहिले विगतको गठबन्धन टुटेको छ । नयाँ समीकरण बन्ने सँगसँगै संविधानको धारा ७६ (२) अनुसारको जुन सरकार बनेको छ । यो अहिलेको जनमतको परिणाम पनि हो । सरकारले आफ्ना नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्याक्रमहरू २१ बुँदेको रूपमा अगाडि सारेको छ । यी कार्यक्रमलाई सफल पार्नको निम्ति सरकार र हामी सबैको दायित्व पनि हो र यसलाई सफल पार्न पर्छ । विगतको राजनीतिलाई कोट्याएर घायल नबनाऊँ भन्न चाहन्छु । विगतमा कसले के कति कमजोरी गरे त्यो घामजतिकै छर्लङ्ग छ । हामीले उजागर गरिरहनुपर्दैन । तर २०७९ पुस २६ गते संघीय संसदमा नयाँ चिङ्गारी देखापर्यो । नयाँ दृष्य देखा पर्यो । केही छैन । सरकारलाई बलियो बनाउन राष्ट्रियता सार्वभौमता सत्ताको रक्षा गर्नको लागि राजनीतिक स्थायित्वको लागि नै होला भन्ने लागेको छ । यसमा कुनै छलछाम हुँदैन भन्ने कुरामा आसावादी र विश्वस्त पनि छौं । आम नेपाली जनता महङ्गीको मारमा छन् । कृषि मल खादको विषय श्लोगन जस्तो भएको छ । समयमा विद्यार्थीले पाठ्य पुस्तक नपाउने कुरो अब दोहोरिनुहुँदैन । चुरे क्षेत्रमा काठको तस्करी बढेको छ । नदीका बालुवा र ढुङ्गाहरूको तस्करी भइरहेको छ । यो ठेक्का लगाएर अवैध तरिकाले बेचबिखन गर्ने कुरोलाई रोकिनुपर्छ । निरीक्षण हुनुपर्छ ।

आज युवा पङ्क्ति विदेशिएको छ । युवा पङ्क्ति मात्रै विदेशीएको छैन । ठुलो धनराशी पनि विदेशिरहेको छ । र अध्ययनको लागि, रोजगारीको लागि बाहिर विदेशिदा हाम्रो देशमा बृद्धाहरूको सङ्ख्या बढ्न सक्ने सम्भावना भइरहेको छ । जीवनको उत्तरार्धमा आफ्ना सन्तान साथमा नहुने, औषधी, उपचार गर्ने, स्याहार गर्ने सन्तान र मृत्युको अवस्थामा पुग्दा सन्तानको मुख नहेरी मर्नुपर्ने अवस्था पनि सृजना हुँदैछ ।

सम्माननीय अध्यक्ष महोदय, देशभित्रको आन्तरिक बसाइसराइ भूगोलको कुनै ठाउँमा जनघनत्व बढ्ने र कुनै ठाउँमा मानव बस्ती पातलो हुँदै छ । तराईका समथर भूभाग र सहरी क्षेत्रमा जनङ्ख्याको चाप बढिरहेको छ भने हिमाल र पहाडमा जनसङ्ख्या पातलो हुँदै छ । जमिनहरू खाली हुँदै छन् । घरहरू बृद्धाहरूको मृत्यु भएपछि घरहरू भत्किँदै छन् । अहिलेको समाजमा बालबालिकाको जन्मदरमा पनि फरकपन आइरहेको छ । वृद्धावृद्धाको जनसङ्ख्या बढ्ने बालबालिकाको जन्म दर घट्ने अवस्थाको सृजना हुँदै छ । त्यसमा पनि लिङ्ग पहिचान गरेर भुण हत्या गर्ने कुरो झन् बढिरहेको छ । यथार्थ समाजमा देखिएको छ । यो भूगोलको जनसङ्ख्या सन्तुलनको लागि पनि हामीले सोच्न आवश्यक छ र अब बेला भइसकेको छ । देशमा ऋण बढ्दै गएको छ । निर्यात नगण्य छ । कृषि क्षेत्रको आयत बढेको छ । व्यापार घाटा बढ्दो अवस्थामा छ । पर्यटन क्षेत्र पर्यटक आम्दानी घटेको छ । वातावरणीय सन्तुलन

कायम हुन नसक्दा मानव जीवन कष्टकर बनिरहेको छ । धनी मानिसहरू झन् धनी हुँदै जाने र गरिब झन् गरिब हुँदै जाने अवस्थाको सृजना हुँदै छ ।

सम्माननीय अध्यक्ष महोदय, सत्ता साझेदारी दलको संसदमा बहुमत हुँदा हुँदै किन नेपाली काँग्रेसलगायतका प्रतिपक्ष दलले विश्वासको मत दिनुपर्ने अवस्था आयो? यस विषयमा निकै तर्क वितर्कहरू बाहिर उठिरहेका छन् । खोलामा माछा त छैन, पर्दैन भन्ने पक्कै पनि उहाँहरूलाई लागेर जाल फाल्नुभएको त होइन होला? को कस्तो संसदीय अभ्यास हो? विश्वासको मत दिने तर आफूलाई प्रतिपक्ष भन्ने बुझ्न् अलि कठिन भइरहेको छ, अध्यक्ष महोदय । आफूले विश्वासको मत दिएको सरकारलाई रचनात्मक सल्लाह र सुझाव दिनुहुने छ भन्ने कुरो आसावादी पनि छौं । सम्माननीय राष्ट्रपति कहाँ बुझाएको पत्रमा हस्ताक्षर छैन । संविधान अहिलेको आवश्यकता हेरे पनि विश्वासको मत दिएको हो भन्ने कुरो बाहिर उजागर भएको छ । सत्तामा खेल्ने कुनै रहर छैन पनि भनिरहनुभएको छ । त्यसैले हामी विश्वस्त छौं यसमा कुनै सङ्का गर्या छौनौं र चलखेल हुँदैन भन्ने कुरोमा ढुक्क पनि छौं ।

यो सरकारले राष्ट्रिय हित, सुशासन, भ्रष्टाचार नियन्त्रण र जनताको समस्याको सम्बोधन गर्दै कृषि, उद्योग, पर्यटन, सामाजिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, परराष्ट्र सम्बन्ध विदेश नीति सम्बन्धमा प्रतिबद्ध भएर काम गर्नुपर्ने छ । हिजोको गठबन्धन र अहिलेको समीकरण निर्वाचनको माध्यमले जनमतको आधारमा सृजना गरेको छ । ताजा जनादेशको कदर गर्दै जनताको आशा र भरोसा बोकेर अपेक्षासहितको यो सरकार बनेको छ । त्यसैले यो सरकारलाई विश्वास गर्न आवश्यक छ ।

विमान दुर्घटनाको कुरा धेरै तर्क, वितर्कहरू उठिरहेका छन् । उब्जिएका छन् । किन दुर्घटना भयो? विमानका पाठपुर्जा पो बिग्रिएका थिए कि? मुख्य चालक थाकेका हुन कि? कसैले विस्पोटक पदार्थको प्रयोग गरेको हो कि? र विमान उड्नुअगि प्राविधिक जाँच भएन कि? अनेक तर्क वितर्क उठेको छ र जे भए पनि ठुलो मानवीय क्षति भएको छ । यसको कारण पत्ता लगाउन आवश्यक छ । पर्यटन मन्त्रालयले पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्त्वमा छानबिन आयोग पनि गठन गरेको छ । र ४५ दिनको समय पनि दिएको छ । म के भन्न चाहन्छु भने नेपाली आकाश किन असुरक्षित हुँदै छ? यसतर्फ सम्बन्धित निकायको ध्यान जान आवश्यक छ र समयमा प्रतिवेदन सार्वजनिक हुनुपर्छ र जुन कुरो तथ्यमा सार्वजनिक हुन्छ । त्यहीअनुसारको कारबाही पनि गर्नको निम्ति सरकारले डगमगाउनुहुँदैन । (अध्यक्ष महोदय, म अब सक्न लागें एक मिनेट समय थपिदिनुहोला ।)

मधेश प्रदेशका विभिन्न जिल्लाहरूमा सितलहरको समस्याले जनजीवन कष्टकर बनिरहेको छ । स्थानीय तहको ध्यानाकर्षण गराउन चाहन्छु । गत वर्षजस्तै चिसो बढेको बेलामा ध्यान दिनुपर्छ होला । विद्यालयहरू केही समय बन्द गर्ने हो कि? मानव बस्तीका चोकहरूमा दाउराहरूको व्यवस्था गर्ने हो कि? अवस्था बुझेर व्यवस्था गर्नको निम्ति आग्रह गर्न चाहन्छु ।

सरकारले हिजो माघ ४ गते उखुको मूल्य निर्धारण गरेको छ । यो सुखद कुरो सुन्न आएको छ । म सरकारलाई धन्यवाद दिन चाहन्छु । प्रतिकुइन्टल ५४० रुपैयाँ तोक्दै ढुवानी ७० रुपैयाँ सरकारले आफैले (**सम्माननीय अध्यक्ष**:- समय सकियो माननीयज्यू ।) बेहोर्ने भनेको छ । र सक्न (**सम्माननीय अध्यक्ष**:- सक्नुहोस् ।) र सरकारले यो उखु किसानको समस्यालाई सम्बोधन गरेकोमा धन्यवाद दिँदै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय मदन कुमारी शाह (गरिमा) । समय ६ मिनेट । त्यसपछाडि माननीय विना पोखरेल ।

(१३:३९ बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा)(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म तेह्रौं अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । म जनता र राष्ट्रका लागि साहादत प्राप्त सम्पूर्ण आदरणीय शहिदहरूप्रति आफ्नो र मेरो पार्टी नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादीको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अभूतपूर्व समर्थनका साथ नवनिर्वाचित सम्मानीय प्रधानमन्त्री पुष्पकमल दाहाल, मन्त्रीहरू, मुख्यमन्त्रीहरू, प्रदेश सभा सभामुख, उपसभामुख तथा प्रदेश सभा र प्रतिनिधि सभाका लागि निर्वाचित सम्पूर्ण माननीय सदस्यहरूलाई आफ्नो र पार्टीको तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, २०७९ पुस २५ गते भारतको गुजरातबाट नेपालको टिकापुर कैलाली आउँदै गरेको ६५ जना नेपाली सवार बस भारतको उत्तर प्रदेश राज्यको लखनौदेखि ३० किलोमिटरअगाडि उनाऊँ भन्ने ठाउँमा दुर्घटना हुँदा ५ जनाको दुःखद् निधन भएको छ । त्यसै गरी यही माघ १ गते यती एयरलाइन्सको ATR ७२ जहाज दुर्घटनामा ७२ जनाको दुःखद् निधन भएको छ । म दुवै घटनामा अमूल्य जीवन गुमाउनुहुने सबैमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । पीडित परिवारजनमा गहिरो शोक तथा समवेदना व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, यती एयरलाइन्सको विमान दुर्घटनापछि नेपाली आकाश असुरक्षित रहेको चौतर्फी बहस भइरहेको छ । हवाई यात्रा गर्दा मनमा डरको बास भएको छ । नडराउनु पनि किन? दोस्रो विश्वयुद्ध ताका थोत्रा, कवाडी विमान सञ्चालन भइरहेका छन् भन्ने छ । कसै कसैले जहाजको उमेर हुँदैन । अर्थात् जति पुरानो भए पनि यसको गुणस्तरीयतामा केही फरक पर्दैन । जहाजको प्रत्येक भाग जाँच गरिन्छ । र निश्चित समयमा प्रतिस्थापन गरिन्छ भन्नुहुन्छ । यदि त्यसो हो भने विकशित मुलुक निश्चित अवधिपछि आफ्नो देशमा त्यस्ता विमानहरूको उडान किन बन्द गर्दछन्? मनमा प्रश्नहरू छन् । सम्माननीय अध्यक्ष महोदय, विमान दुर्घटना हुन्छ । छानबिन समिति बन्छ । छानबिन समितिको टालटुले रिपोर्ट आउँछ । त्यसपछि सकियो । ती दुर्घटनाहरूले अन्तर्राष्ट्रिय जगतमा नेपालको कस्तो छवि बनाइरहेको छ? हाम्रो पर्यटन क्षेत्रलाई कति र कसरी नकारात्मक प्रभाव पारिरहेको छ? घरपरिवारको सदस्य गुम्दा परिवार र परिवारजनलाई कस्तो प्रभाव परिरहेको छ? र उनीहरू कुन अवस्थामा छन्? यसको लेखाजोखा हुन्छ कि हुँदैन? सम्माननीय अध्यक्षज्यू, विमानको उमेर नेपाल उड्डयन प्राधिकरणको नियमन, एयर ट्राफिक कन्ट्रोलको भूमिका, क्यालिब्रेसन फ्याइट गर्ने संस्था र विमानको प्राविधिक आदि विषयमाथि धेरै प्रश्न खडा भएका छन् । सबै प्रकारको सुरक्षाको जरा सुशासन हो । सुशासनमाथि नै अविश्वास छ । अतः यस्ता अनुत्तरित प्रश्नहरूको जवाफ दिन सम्माननीय अध्यक्षमार्फत सम्बन्धित निकायमा जोडदार माग गर्दछु ।

साथै २०७४ साल फागुन २८ गते काठमाडौंमा अवतरण गर्दा US बङ्गलाको जहाज दुर्घटनामा मृतक २२ जना नेपालीहरूले जो डक्टर पनि थिए । त्यो क्षतिपूर्ति पाए कि पाएनन्? यस सदनलाई जानकारी होस् माग गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, यही पुस १५ गते टिकापुर नगरपालिकाको वडा नम्बर ५ मुक्लिपुर भन्ने ठाउँमा एउटा ९ वर्षीय बालिकामाथि प्रेम शाही भन्ने व्यक्तिले जो जसले ९ वर्षीय बालिकालाई छोरी भनेर सम्बोधन गर्थ्यो । उनले बलात्कार गर्ने प्रयास गरे र अहिले फरार छन् । यस्ता समाजमा सुरक्षित बाँच्न नदिने यस्ता अनुशासनहिन, यस्ता नैतिक पतन भएका व्यक्तिहरूलाई छिटोभन्दा छिटो गिरफ्तार गरेर कारबाही गरियोस् । र पीडित बालिकालाई न्याय दिलाइयोस् भन्ने माग गर्न चाहन्छु ।

त्यसै गरी यो माघको कठ्याङ्ग्रिने जाडोमा माइतीघर मण्डलामा केही दिदी, बहिनीहरू नेपालगञ्जका नकुनीधोवी र निर्मला कुर्मीको अपहरण र हत्या भइसकेपछि ती हत्यारालाई सजाय र पीडितलाई न्यायका लागि धर्नामा बसिरहेका छन् । हामी आफ्नो घरभित्र त यो जाडो सहन सकिरहेका छैनौं भने खुल्ला आकाशमुनि न्यायको लडाइँ लडिरहनुभएको छ दिदी, बहिनीहरू । म यो न्यायको लडाइँमा एक्यबद्धता प्रकट गर्न चाहन्छु । र अपराधीलाई छिटोभन्दा छिटो

सजायको माग गर्दछु । र पीडितलाई न्याय प्राप्त होस् । यो देशमा न्याय नमरोस् । न्याय प्राप्त गर्नको लागि सत्तासँग सङ्घर्ष गर्न नपरोस् । जो पीडक छन् । तिनीहरू सत्तामा नबसुन् भन्ने कुरा म यहाँ माग गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालमा सहकार्यको संस्कृतिको आवश्यकता छ । भनेर आफै भनिराखेका छौँ । यो राष्ट्रिय सभा प्रतिनिधि सभाभन्दा भिन्न हो । प्रतिनिधि सभामा जुन राजनीतिक छलफल हुन्छन् । त्यसबाट यसलाई अलग राख्नुपर्छ भनेर हामी भनिरहेका छौँ । तर म बडा दुःखका साथ भन्छु । यहाँ यो सदनमा हामीले प्रश्न उठाइरहेका छौँ कि नेपाली काँग्रेसलगायतका पार्टीहरूले प्रतिपक्षमा बस्ने तर सरकारलाई मतदान किन गर्नुभयो? भनेर प्रश्न उठाइरहेका छौँ । हामीहरूले त धन्यवाद दिनुपर्ने हो । नेपालमा सहकार्यको संस्कृति भयो । मिलेर विकास गरौँ । मिलेर सुशासन कायम गरौँ । मिलेर यो नेपालको विकास गरौँ । एउटा चाहिँ उदाहरणीय काम र निर्णयहरूबाट नेपाललाई चिनाऊँ भनेर धन्यवाद दिनुको सट्टा मतदानको विरोध भइरहेको छ । बडा दुःखका साथ भन्नुपर्छ (**<u>सम्माननीय अध्यक्ष</u>ः-** समय सकियो माननीयज्यू ।) मैले यति मात्र भन्न चाहन्छु । हामीले राष्ट्रिय सभालाई यसको जुन गौरव छ । यसको जुन गरिमा छ । यसलाई हामी जीवित राखौँ यसलाई चाहिँ बहसको थलो यसलाई नबनाऊँ भन्ने कुरा अनुरोध गर्दैन म बिदा हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय विना पोखरेल । समय ५ मिनेट । यसपछि माननीय सुमित्रा वि.सी. ।

**(१३:४६ बजे) <u>माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- अध्यक्ष महोदय, आज म बधाई तथा शुभकामना दिने सोचमा मात्र छु । हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै सुदृढ गर्ने क्रममा छौँ । यही सन्दर्भमा मङ्सिर ४ गते दोस्रो आम निर्वाचन सम्पन्न भइसकेको छ । जनताद्वारा अनुमोदित भई ताजा जनादेश लिएर केही नयाँ दलसहित माननीय सांसदहरू प्रदेश सभा तथा प्रतिनिधि सभामा आउनुभएको छ । केन्द्र तथा प्रदेशमा नयाँ सरकार गठन भएको छ । म सम्माननीय अध्यक्षज्यूमार्फत सङ्घीय सरकारका प्रधानमन्त्री सम्माननीय पुष्पकमल दाहाल "प्रचण्ड" लगायत उपप्रधानमन्त्रीहरू तथा मन्त्रीहरू नवनिर्वाचित सबै माननीय सांसदज्यूहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना पनि दिन चाहन्छु ।

अध्यक्ष महोदय, नयाँ सरकार नयाँ इन्द्रेणी रूप रङ्गमा बनेको छ । र नयाँ सरकार गठनसँगै नेपाली जनतामा ठुलो आशा पनि पलाएको छ । सम्माननीय प्रधानमन्त्रीज्यूले सरकारको तर्फबाट विश्वासको मत लिने सन्दर्भमा प्रतिनिधि सभामा व्यक्त गर्नुभएको विचार र प्रतिबद्धताले सबै सबैमा नयाँ उत्साह पैदा गरेको छ । गम्भीर आत्म स्विकारोक्ति र समीक्षासहितको सङ्कल्प पनि प्रधानमन्त्रीज्यूले गर्नुभएको छ । जसले अब यो मुलुक जनतालाई साँच्चै सुशासन दिन सक्षम हुने छ । र राष्ट्रलाई साचो समृद्धिको दिशामा अगाडि बढाउन इमानदारितापूर्वक पहल गर्ने छ भन्ने विश्वास पैदा भएको छ । जसको प्रमाण सरकारले पाएको विश्वासको मतको पनि हो ।

अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यूले संसदमा उपस्थित प्राय सबै दलको मन जित्नुभयो र सबैलाई विश्वासमा लिनुभयो । इतिहासमा नयाँ रेकर्ड पनि कायम भयो । पुरानो संसदीय परम्परा पनि तोडियो । सुशासन र समृद्धिका लागि राष्ट्रिय एकता र स्तायित्वको अनिवार्य सर्त हो । ताजा जनादेशसहित आएका राजनीतिक दलहरूबिचको सहमति कार्य एक आपसी विश्वासले राष्ट्रसामु रहेका चुनौती तथा समस्याहरूको समाधान खोज्ने सरकारलाई ठुलो ऊर्जा मिलेको छ । यो ऊर्जाको ठिक ढङ्गले प्रयोग गरी मुलुकलाई सुशासन दिन विकास निर्माणको गतिलाई तीव्र बनाउन र कमजोर बन्दै गएको अर्थतन्त्रको स्थितिमा सुधार गरी समृद्धि हासिल गर्दै हाम्रा संविधानले परिभाषित गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने दिशातर्फ यो सरकारले आफूलाई अब्बल साबित गराउने छ भन्ने विश्वास पनि म व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय, कुनै पनि कुराको विकासलाई दुई तरिकाले हेर्ने गर्दछ भन्ने मेरो बुझाइ छ । एउटा तरिका निरन्तरतामा विकास अथवा क्रमिकता विकास र अर्को तरिका क्रम भङ्गतामा विकास, निरन्तरताको विकासले लामो समय लिन्छ । विकासको गति पनि सुस्त हुन्छ । तर क्रम भङ्गताबाट हुने विकास तीव्रतामा र छोटो समयमा हुन्छ । क्रम भङ्गताबाट मात्रात्मक होइन । गुणात्मक रूपबाट नै कुनै पनि कुरा नयाँ ठाउँमा पुग्छ अहिले नेपाली जनताको अपेक्षा पनि यही हो । हामीले लामो समयको सङ्घर्षबाट नयाँ व्यवस्था ल्यायौं तर जनताको अवस्थालाई जति बदल्न सक्नुपर्थ्यो त्यति बदल्न सकेनौं । त्यसैले जनता निराश हुन थालिसकेका थिए । अहिले आएर जनतामा (अध्यक्ष महोदय, मलाई १ मिनेट समय दिनुहोला । मैले ६ मिनेट भनेर तयार पर्‍या थिएँ ।) पैदा हुँदै गएको त्यो निरासालाई आशामा बदल्न काम प्रधानमन्त्रीज्यूले गर्नुभएको छ । आफ्नो सम्बोधनमार्फत गठबन्धन सरकारको न्यूनतम साझा कार्यक्रममार्फत साथै Day One देखि नै सुरु गरेको नागरिकता, पासपोर्ट, राष्ट्रिय

परिचयपत्र हस्पिटल आदि ठाउँमा लाइन हटाई सेवा प्रवाहलाई छिटो बनाउने, इन्धनको मूल्य घटाउने जस्ता कामहरूमार्फत ।

अध्यक्ष महोदय, स्थिति सहज छैन । सरकार परीक्षामा छ । बनेको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न सक्छ कि सक्दैन ? आफूले गरेको सङ्कल्प र प्रतिबद्धता पूरा गर्न सक्छ कि सक्दैन ? हामी सांसदहरू पनि परीक्षामा नै छौं । सही नीति नियम र कानुन बनाउन आवश्यकताअनुसार संशोधन र परिमार्जन गर्न सक्छौं कि सक्दैनौं ? सरकारका काम कारबाहीलाई (**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीयज्यू, समय सकियो ।) स्वच्छ पारदर्शी र तीव्र बनाउन लगाउन सक्छौं कि सक्दैनौं ? (थोरै छ अध्यक्ष महोदय) बनेको नीति तथा कार्यक्रम गरेका प्रतिबद्धता र सङ्कल्पलाई व्यवहारिक रूप दिन पहल लिने काम मुख्यतः सरकारको हो । त्यसैले परीक्षामा सरकार नै पहिले पास हुनुपर्दछ । सम्माननीय प्रधानमन्त्रीज्यूले आवेगको कुरा पछि गर्नुभएको छ । त्यो आवेगले जसरी हिजो व्यवस्था बदल्ने सङ्घर्षलाई सफल बनायो । त्यसरी नै जनता र राष्ट्रको अवस्थामा अपेक्षाअनुरूप नै बदल्न सकोस् फेरि पनि हार्दिक बधाई तथा शुभकामना जाँदाजाँदै पोखरा भएको यती एयरबसलगायत पछिल्लो चरणमा भएका सवारी दुर्घटनामा परी जीवन गुमाएका सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै ..... परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । साथै यस प्रकृतिको दुर्घटनाका कारणहरू (**<u>सम्माननीय अध्यक्ष</u>**:- सकाउनू माननीयज्यू) समयमा नै खोजियोस् । र दुर्घटनाबाट पीडित घर परिवारलाई तत्काल क्षतिपूर्ति र राहात दिने व्यवस्था पनि गरियोस् भनी सरकार..... (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुमित्रा वि.सी. । समय ८ मिनेट । त्यसपछाडि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(१३:५३ बजे) <u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज यो तेह्रौं राष्ट्रिय अधिवेशनको तेस्रो बैठकमा बोलिरहँदा सर्वप्रथम म यो अधिवेशन सफलताको शुभकामना भन्न चाहन्छु र यसै गरेर वर्तमान प्रधानमन्त्रीलगायत सम्पूर्ण मन्त्रिपरिषद् सम्पूर्णलाई म हार्दिक बधाई भन्न चाहन्छु । र देशैभरिबाट निर्वाचित भएर आउनुभएका सम्पूर्ण सङ्घीय संसद निर्वाचित समानुपातिक तर्फबाट आउनुभएका सम्पूर्ण माननीयज्यूहरूलाई म हार्दिक बधाई भन्न चाहन्छु र यसै गरेर प्रदेश सभाका माननीयज्यूहरू सभामुख, उपसभामुख, मन्त्रीज्यूहरू सम्पूर्णलाई म यसै रोस्ट्रमबाट हार्दिक बधाई भन्न चाहन्छु ।

र अस्ति १ गते यही ०७९ साल माघ १ गते यती एयरलाइन्सको जहाजबाट पोखरा जाँदै गर्नुभएका सम्पूर्ण चालक दलका सदस्यसहित सम्पूर्ण यात्रुहरू अकालमा ज्यान गुमाउनुभएका आदरणीय सहिदहरूप्रति म हार्दिक हार्दिक श्रद्धाञ्जली दिँदै यो शोकाकुल अवस्थामा रहनुभएका सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना दिँदै यो विपत्तिको घडीमा वहाँहरूलाई धैर्यधारण गर्ने सहने शक्ति प्राप्त होस् भन्न चाहन्छु र विमान दुर्घटना भयो । हामी सबैले भनिसक्यौं र सबैलाई थाहा छ । न हाम्रा स्थल यात्राहरू सुरक्षित छन् । न हाम्रा हवाई यात्राहरू सुरक्षित छन् । हामी यसै गरेर श्रद्धाञ्जली व्यक्त गर्छौं र त्यस्ता छानबिन गर्ने आयोगहरू बनाउछौं र ती आयोगका प्रतिवेदनहरू हामीले धेरै समयपछि सार्वजनिक गर्छौं । कतिपय प्रतिवेदनहरू सार्वजनिक पनि भएका छैनन् । कसरी यो कहाँबाट के त्रुटिकै कारण यस्तो भइरहेको छ । यसको बारेमा सम्बन्धित निकायको गहिरो ध्यान जानमा हार्दिक माग गर्न चाहन्छु र मानवीय त्रुटिको कारण हाम्रो जहाज बनाउने पनि मान्छे त्यसको चेक गर्ने पनि मान्छे त्यसलाई सञ्चालन गर्ने पनि मान्छे भएको कारण यो । यो मानवीय त्रुटिको कारण यस्ता घटनाहरू घटिरहन्छन् नघट्नका निम्ति हामीले कस्तो खालको विधि अपनाउने र समयमै सचेत हुने र यदि गल्ती गर्नेहरूप्रति यसको कारबाही हुने अथवा जुन पाइलटले बस्ती जोगाउनका निम्ति सेती खोचमा लएर जहाज हाल्न पर्यो । कम से कम त्यो बस्ती जोगियो धेरै क्षति हुनबाट जोगियो । यसको बारेमा त दिवङ्गत पाइलटहरूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु र यो सम्बन्धित निकायले यस्ता गल्तीहरू नदोहोरिनका लागि पुराना जहाजहरू, पुराना जहाजहरू भएर केही फरक पर्दैन भन्ने पनि छ । र त्यसका पार्टपुर्जाहरू समयमै राम्रोसँग चेक जाँच गर्ने र यस्ता घटनाहरू फेरि दोहोरिन नदिनका निम्ति सम्बन्धित निकायको ध्यान जाओस् भन्ने म हार्दिक माग गर्न चाहन्छु ।

आज यो देशभरि सित लहरले मान्छेहरू कठ्याङ्ग्रिएर पनि जीवन निर्वाह गरिरहनुभएको छ र यस्तै गरेर म कर्णाली प्रदेशबाट एक जना राउटे समुदायका दैलेखको नारायण नगरपालिका वडा नम्बर ९ मा बस्दै आउनुभएका राउटे समुदायका नारायण शाही भन्ने व्यक्तिले भर्खरै हिजो मात्रै यही वीर हस्पिटलको ट्रमा सेन्टरमा उपचार गर्दागर्दै ज्यान गुमाउनुपरेको छ र जुन जाति लोपोउन्मुख जाति हो । र चेतना पनि छैन शिक्षा पनि छैन । ती जातिका मान्छेहरूका लागि बजेट छुट्टिएर जाने गर्छ र त्यो बजेट कहाँ जान्छ ? सम्बन्धित सरकारको  खर्च पनि भइरहेको छ र सम्बन्धित उपभोक्ताहरूलेत्यसको लाभ लिन पनि पाइरहेका छैनन् । उनीहरूलाई एक्दमै शिक्षा दिन जरुरी छ गएको बजेट पाए भने पनि उनीहरूले अलिकति नशा पानी खाने बानी नशा खाएर लठ्ठ भएर सुत्ने र आगो तापेर जीवन निर्वाह गर्ने भएको कारण आफ्नो शरीरमा लुगा

सल्किँदा पनि चेतना नहुने त्यस्तो खालको अवस्थाले ठुलो मानवीय क्षति उनको परिवार पनि घाइते भएको र उनी उपचारकै क्रममै मृत भएको कारण र यस्ता जातिहरूको बारेमा सरकारले बजेट छुट्याउँछ भने त्यो सम्बन्धित हाम्रो स्थानीय तह निकायबाटै बजेट गएर त्यस्ता त्यस्ता बस्तीहरूलाई चेतना पनि दिने र सुनिश्चित आवासहरू व्यवस्था गर्ने गरी यो सम्बन्धित निकायको यहाँ पनि म ध्यानाकर्षण गर्न चाहन्छु र ती धेरै जसो कर्णाली प्रदेशमा बसोबास गर्ने राउटेहरूको जीवनस्तर उकास्नका लागि सरकारको ध्यान जाओस् ।

र देशका अन्य भागहरूमा पनि जुन शीत लहरले मान्छेहरू कठ्याङ्ग्रिरहेका छन् । त्यहाँ अगि पनि कुरो आइसकेको छ । कम्बल लुगाफाट वितरण गरेर हुन्छ कि आगो तापेर हाम्रा दाउराको इन्धनको व्यवस्था गर्देर हुन्छ कि र त्यस्तालाई सुरक्षित आवासहरू बनाएर हुन्छ कि । यो सरकार जुन ढङ्गले अहिले एउटा वामपन्थीहरूको सरकार बनिरहेको छ । यसले कुरा मात्रै होइन साँच्चीकै व्यवहारमा उतारेर नेपाली जनताको जीवनस्तरलाई परिवर्तन गर्नका निम्ति अगाडि बढोस् । र यो सरकार.....(**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीयज्यू, समय सकियो माननीयज्यू) एकछिन अध्यक्ष महोदय, अलिकति र यो सरकार साँच्चीकै निमुखाहरूको सरकार हो भन्ने व्यवहारबाट भोग्न पाइयोस् । र यो सरकारका यही राष्ट्रिय सभाबाट जानुभएका हाम्रा पूर्वउपप्रधानमन्त्री र भौतिक मन्त्रीलगायत परराष्ट्र मन्त्री राष्ट्रिय सभाले हामीले पाएका छौं । हामी नजिकबाट उहाँहरूसँग पनि नजिकबाट सहकार्य गरेर केही उपलब्धिहरू र उपलब्धिका कामहरू गर्न सक्ने छौं र उहाँहरूलाई सफल पर्न हाम्रो पनि केही भूमिका रहने छ र उहाँहरूले हाम्रा कुराहरू सुन्नुहुने छ । र नेपाली जनताको स्तरउकास्न..... (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय श्री राजेन्द्र लक्ष्मी गैरे । समय ६ मिनेट । यसपछाडि माननीय शारदा देवी भट्ट ।

**(१४:०३ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, तेह्रौं राष्ट्रिय सभाको बैठकमा यहाँहरू सबै माननीयज्यूहरूलाई पनि हार्दिक अभिवादन गर्दै आफ्ना केही भनाइहरूलाई यहाँहरूको बिचमा राख्न चाहन्छु ।

पहिलो कुरा सङ्घीय संरचनाअनुसार हाम्रो देशमा तीन तहको निर्वाचन सम्पन्न भएको छ । हाम्रो सङ्घीय, प्रदेश र स्थानीय आज तीन तहको निर्वाचन दुईपटक सम्पन्न हुँदाखेरि पनि हाम्रो नीति र कानुनको अभावले अहिले पनि थुप्रै ठाउँहरू खाली भएको परिपूर्ति नभएको

स्थानीयले कानुन बनाउने कुरा सङ्घले कानुन बनाउने कुरा अधुरो भएको कारणले गर्दा अझै पनि अस्तव्यस्त नै रहेको स्थिति छ । अब यो सदनहरू चलिरहँदा यो विषयमा सरकारले ध्यान दिन आवश्यक देखिएको छ । सरकारको ध्यान जानुपर्यो र हाम्रा कामहरूले कुनै पनि योजनाहरू अधुरो हुन नसकुन् । त्यसलाई फुलफिल गर्न सकियोस् भन्ने कुरामा ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तै गरी म यससित सँगै जोडेर संवेदनशील विषयहरू कुरा गरिरहँदा म आज प्रहरी सुरक्षा निकायको विषयमा पनि तपाईंहरूको बिचमा । यो गरिमामय सदनमा राष्ट्रिय सभामा म आफ्नो कुरा राख्न चाहन्छु ।

हामीले सुरक्षा निकायको व्यवस्था गरेका छौं जिल्ला प्रहरी कार्यालय र विभिन्न ठाउँहरूमा ती युनिटहरू बसेका छन् । तर सबै भौतिक संरचनाहरूमा ध्यान गएको छ । तर यो संरचनामा हाम्रो ध्यान गएको छैन् । आज उनीहरू बसेका तपाईंहरूको वाडमा तपाईंहरूको पालिकामा बसेका मेरो वाडमा मेरो पालिकामा बसेका ती युनिटहरूलाई हेर्यो भने छाना कति बेला खस्छ । तर तिनीहरू सुतेको बेला मिचिन्छन् जस्ता घरहरू छन् । एउटा सुरक्षाको हिसाबले पनि दयनीय अवस्थामा मैले यो युनिट रहेको देख्छु र धेरै यो ठाउँमा हिजो चाहिँ प्रहरी कार्यालयमा अथवा आर्मीमा सशस्त्रमा खुल्दाखेरिमा हजारौं जनाले १० हजार, ५ लाख, १० लाख, २० लाख मान्छेहरूले आवाजहरू उठाउने ५ लाख मान्छे त लाइन बसेर फारामहरू भरेको देखिन्थ्यो । आज हामीले १ डेढ हजार मान्छेले मात्रै फारामहरू भर्ने त्यहाँ जाने चासो मात्र देखिन्छ । यो चासो किन घाटिरहेको छ त? आज यो युवाहरूको नेपालमा स्थायी रूपमा जागिर खाने नेपालीको सेवा गर्ने यो क्षेत्र आज यो युवाहरूको किन यो क्षेत्रतिर उनीहरूको चासो बढेको छैन? उनीहरू आकर्षण छैनन् भन्दाखेरिमा उनीहरूको व्यवस्थापनको कुरा पनि हो । यो चिसो कठाङ्ग्रिएको जाडोमा हाम्रा जिल्ला प्रहरी कार्यालयमा हेर्यो भने एउटा सुत्ने उनीहरूको खाटसम्म पनि छैन । उनीहरू एउटा बेड ओछ्याएर भुईंमा सुतेका छन् । धेरै ठाउँमा यस्तो देखिन्छ र आकर्षण घाट्दो छ ।

र युवाहरू वैदेशिक रोजगारमा जाने नेपालमा नरहने स्थिति देखिएको छ । यही क्षेत्रमा लागेका मान्छेहरूले पनि यो क्षेत्र छोडेर अन्यन्त्र क्षेत्रमा गएको देखिन्छ । त्यसो भएको हुनाले अरू जिल्लामा पनि त्यस्तो होला पाल्पा जिल्लामा पनि यस्तो छ । दरबन्दीको अवस्था हेर्यो भने पनि एउटा जिल्ला प्रहरी कार्यालयमा ४५२ जना हुनुपर्नेमा ३८२ जना अहिले कार्यरत छन् । सबै धेरै जसो ठाउँहरूमा यो उनीहरूको हुनुपर्ने सङ्ख्या पनि कमी छ । यो पूर्ति पनि भैरहेको छैन । त्यस्तो खालको अवस्थामा हामीले भरोसा गरेका हामीले त्यहाँ सुरक्षा हुन्छ भनेर भरोसा गरेका मान्छेहरूले हामी नेपाली जनतालाई कसरी सेवा दिन सक्छन् । उनीहरूको सङ्ख्याको

हिसाबले पनि उनीहरूको व्यवस्थापनको हिसाबले पनि उनीहरूप्रतिको आकर्षणको हिसाबले पनि यो क्षेत्र धेरै पछाडि परेको देखिन्छ । यो क्षेत्रको व्यवस्थापनमा गृहमन्त्री र सरकारको ध्यान जाओस् भन्ने कुरा म सम्माननीय अध्यक्षमार्फत राख्न चाहन्छु ।

र अर्को कुराः जनतासँग सरकारको विषय राहदानीको विषयमा म यहाँ राख्न चाहन्छु । राहदानी वितरण हाम्रो जिल्लाबाट जिल्ला प्रशासनबाट हुने गर्दछ । केन्द्रबाट हुने गर्दछ । छिटो छरिताका निम्ति काठमाडौँमा मान्छेहरू आउने गर्दछन् । ५ दिनसम्म लाइन लाउँछन् । उनीहरू होटेलमा बस्छन् खान्छन् र उनीहरूले ५ दिन बस्दाखेरिमा यहाँ केही नभए पनि ३० हजारदेखि ५० हजार खर्च हुने गर्दछ । आज यो राहदानीलाई जिल्लाको क्षमतालाई पनि छरितो बनाउने र इलाकाबाट पनि राहदानी वितरण गर्ने हो भने हाम्रा युवाहरूले आफ्नो घरकै आटोपिठो खाएर त्यो राहदानी प्राप्त गर्न सक्ने थिए । त्यसको लागि म ध्यानाकर्षण गर्न चाहन्छु । र हाम्रो पाल्पा जिल्लाको पनि रामपुर नगरपालिकाको इलाकाबाट राहदानी वितरण गर्नको निम्ति म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । (समय सकिएको सङ्केत पाएको छु ।)

मैले थोरै कुरा मात्रै राख्न चाहन्छु । अन्त्यमा १ गते यतीको जुन दुर्घटना परेर यो देश शोकमा डुबेको छ । पाल्पाली चेली पनि जन्मेकी चेली पाल्पामा जन्मेकी चेलीको पनि ज्यान गएको छ । यस्तै तमाम् हाम्रा दाजु भाइको ज्यान गएको छ । हामी एउटा भाव विह्वल छौँ र यो अवस्था अहिलेसम्म त ? यो अवस्था अहिलेसम्म ? यात्रा गर्दाखेरिमा २८ गते गाडी १ बजे यहाँबाट गाडी चढेको मान्छे नवलपरासीको दुम्कीबास २९ गते २ बजे पुग्छ । बसको अवस्था यस्तो छ । मुग्लिनमा दिनभरि गाडी बनाएको समाचार मैले सुन्छु । प्लेन चढ्दा पनि यो अवस्था छ । के हो त यो हाम्रो विकास र प्रगति ? हिजो हाम्रो बाउ बाजेले झोलामा सातु राखेर ७ दिनको बाटो लगाएर यहाँ आउने गर्दथे । अब त्यही हो त सुरक्षित यात्रा ? हामीसँग विश्वास गर्ने ठाउँ कहाँ छ ? यो कुरामा हामीले ध्यान दिन जरुरी छ । र यति कुरा भनेर त्यो मृतक आत्मप्रति (**<u>सम्माननीय अध्यक्ष</u>**:- सकियो समय माननीयज्यू ।) धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- यसपछाडि माननीय शारदा देवी भट्ट । समय ७ मिनेट । त्यसपछाडि माननीय नारायण दत्त मिश्र ।

**(१४:१० बजे) <u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, माघ १ गते एउटा अप्रिय घटना घटेको छ । काठमाडौँबाट पोखराको लागि उठेको यती जहाजको अवतरणको क्रममा दुर्घटना ग्रस्त हुँदा ७२ जनाको मृत्यु

भएको छ । यस अकल्पनीय त्रासदीपूर्ण घटना मृत्यु हुने समस्त विदेशी, स्वदेशी सबैलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । अध्यक्ष महोदय, नेपाली आकाशमा पटक पटक हुने यस्ता घटनाले सर्वसाधारणको मात्र नभई अन्तर्राष्ट्रिय समुदायको पनि नेपाली हवाई सेवाको सुरक्षामाथि विश्वास घटाइरहेको छ । नेपालमा हालसम्म १०४ हवाई दुर्घटना र ८०० भन्दा बढीको मृत्यु भइसकेको छ । यस्तो अवस्था छ । जुन एकदमै चिन्ताजनक अवस्था हो । नेपाली आकाशमा यस्ता दुर्घटनाका कारणहरू पहिल्याई नेपाली आकाशलाई सुरक्षित गर्न सरकारको स्पष्ट योजना ल्याउनु आवश्यक छ । म यसतर्फ सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

अध्यक्ष महोदय, हामी अहिले यस सम्मानित सदनको तेह्रौं बैठकमा सहभागी भइरहेका छौं । बाह्रौं बैठकको समापन तेह्रौं बैठकको सुरुआतको बिचमा केही ..... घटना भएका छन् । जसमा प्रतिनिधि सभा र प्रदेश सभाको आमनिर्वाचन सम्पन्न भएको छ । र जनताको अभिमतको आधारमा हामीले जनप्रतिनिधि नयाँ प्रधानमन्त्री पाएका छौं । सर्वप्रथम त म सम्पूर्ण नवनिर्वाचित प्रतिनिधि सभा सदस्य, प्रदेश सभाका सदस्यज्यूहरूलाई सफल कार्यकालको शुभकामना दिन चाहन्छु । र साथै त्यही अभिमतबाट निर्वाचित सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूलगायत मन्त्रीज्यूहरूलाई बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । उहाँहरूले देश र जनताको लागि मागबमोजिम कार्य गर्नुहुने छ भन्ने आशा पनि लिएकी छु । पछिल्लो सरकारले गरेको दाबीजस्तो आमनिर्वाचन सफल धाँधलीरहित भने हुन सकेन । देशमा विभिन्न ठाउँमा सरकार र प्रशासनको ठाडो हस्तक्षेप भयो भने बाजुरामा त निर्दोष युवकको हत्या नै भयो । म बाजुरामा हत्या गरेका युवाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

अध्यक्ष महोदय, भरखरै सम्पन्न आमनिर्वाचनपछि देशले अहिले कोल्टो फेरेको छ । भनिन्छ राजनीतिक सम्भावना खेल हो । योभन्दा पहिलेको सत्ताधारी अहिले प्रतिपक्षको भूमिका पुगेको छ भने प्रतिपक्ष सरकारमा पुगेको छ । यसअगिको सरकारको काम कारबाहीबाट आजित भएका जनता नयाँ सरकारलाई विश्वास र आशाका साथ हेरिरहेका छन् । जनताको थुप्रै समस्या मागहरू छन् । जुन स्वभाविक पनि हो ।

अध्यक्ष महोदय, एकातर्फ अहिले देशको अर्थतन्त्रको मानक ओरालो लाग्दो अवस्था छ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य सेवा, शिक्षा, सुशासन, बेरोजगारी, शान्ति सुरक्षाको अवस्था दयनीय छ । कृषिप्रधान भनिएको हाम्रो देश त कुरै के गर्नु कृषकहरूले १ किलो मलसमेत पाउन सकेका छैनन् । यो देश सबैभन्दा कोही पीडित छ भने ती हुन् कृषक ।

उनीहरूलाई सबै राज्यले दोस्रो दर्जाको नागरिकसरह व्यवहार गरेको छ । अध्यक्ष महोदय, यसभन्दा अगिको सरकारले यी कुरा चुकेको थियो । तर अहिलेको सरकारले पछिल्लो सरकारको गल्तीबाट सिकेर जनताका यी मागलाई सम्बोधन गर्नु जरुरी छ । अहिले स्थापित सरकारलाई भएन, सकिनँ भन्ने कुनै छुट छैन । जनताले धेरै विश्वासका साथ यस सरकारलाई हेरेका छन् र मलाई पूर्ण विश्वास छ सरकारले जनताको माग पूरा गर्ने छ ।

अध्यक्ष महोदय, अहिले देशमा चरम महङ्गी अवस्था छ । जनता महङ्गीबाट अजित छन् । त्यस्तै देशमा अहिले देशमा बेरोजगारीको पनि दयनीय अवस्था छ । देशमा रोजगारको कुनै स्रोत छैन । युवा रोजगार खोज्दै विदेशिन बाध्य छन् । त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टमा विदेशिने युवाको लाइन देख्दा मन दुखेर आउँछ । देशमा केही परिवर्तन भए पनि परिवर्तन भए, धेरै सरकार आए तर अन्तर्राष्ट्रिय एयरपोर्ट विदेशिने युवाको लाइन घटेन । बरु लाइन बढेको बढै भयो । यसतर्फ कुनै सरकारको ध्यान गएन । अहिलेको सरकारले यसतर्फ गम्भीर भएर लाग्नु जरुरी छ । म सरकारसँग स्वदेशमै रोजगार सिर्जना गर्न बन्द भएका उद्योग, कलकारखाना, उद्योग स्थापना गर्न देशमै स्वरोजगारको सिर्जना गर्न अनुरोध गर्दछु ।

अध्यक्ष महोदय, यस्तै अर्को संवेदनशील विषय भनेको महिला हिंसा हो । देशभरबाटै महिला यौन हिंसा, .....बोक्सी, छुवाछुत, छाउपडी आदि प्रताडित छन् । राज्यले महिला हिंसा रोक्न ठोस कदम उठाएको देखिँदैन । महिला हिंसा रोक्न यस सम्मानित सदनमा हामीले थुप्रै आवाज उठायौं । हामीले कञ्चनपुरकी नबालिक निर्मला पन्तको बारेमा अरू थुप्रै बलात्कार, हत्या विषयमा न्यायको लागि आवाज उठायौं । अगिको सरकारले कानमा तेल हालेर बस्यो । ती पीडित चेलीलाई न्याय दिन सकेन या दिन चाहेन । म फेरि अहिलेको सरकारसँग निर्मला पन्तका, निर्मला पन्त पीडितलगायत न्याय दिलाउनु र अरू पीडित बालबालिकाहरू जो हिंसामा मारिएका छन्, महिला अपराधीमाथि प्रहार गर्न माग गर्दछु । र ती अपराधीलाई तुरुन्तै कारबाहीको दायरमा ल्याउनुपर्ने अनुरोध गर्दछु । अहिले सरकारको यसतर्फ गम्भीर सोच्ने छ भन्ने आशा पनि लिएकी छु ।

अध्यक्ष महोदय, यस्तै देशको संयुक्त सेवाको अवस्था पनि दयनीय छ । विशेष गरेर ग्रामीण क्षेत्रको । जहाँ अस्पतालको सुविधा छैन । अस्पताल छ भने डाक्टर छैन । जसोतसो डाक्टर छ भने उपकरण छैन, औषधि छैन । समस्या यतिसम्म बल्झिएको छ कि खानलाई सिटामोल छैन । सहरमा सुविधा सम्पन्न अस्पताल जान जनतासँग पैसा छैन । यस्तायस्तै समयमा समस्यामा अल्झिँदै जनता मृत्यु वरण गर्न बाध्य छन् । यी सबै हेर्ने स्वास्थ्य मन्त्रालय

जुन आफै बिमारी छ । आशा छ अहिलेको सरकारले यसतर्फ ध्यान दिने छ । जनताको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्ने छ ।

अध्यक्ष महोदय, सरकारले २१ बुँदे नीतिगत प्राथमिकता न्यूनतम कार्यक्रम तय गरेको छ । जसमा जनतासँग सरोकार भएको थुप्रै विषय समेटिएका छन् । तर स्वागतयोग्य छ । यसमा समेटिएको विषयमा सरकारले पूरा गर्न सके जनताले धेरै राहत महसुस गर्ने छन् भन्ने आशा गर्दछु । यस कार्यक्रममा थुप्रै समेटिएका विशेष गरेर जसमा स्वदेशी उत्पादन, प्रोत्साहन गर्ने राष्ट्रिय पुँजीको (**<u>सम्माननीय अध्यक्ष</u>**:- समय सकियो माननीयज्यू ।) विकास गर्ने मुलुकलाई (एक मिनेट ।) आत्मनिर्भर बनाउने यसको लागि मेड इन नेपाल अभियान सञ्चालन गर्ने उल्लेख गरेको छ । यो एकदमै स्वागयोग्य छ । यसले देश र जनताको भविष्य परिवर्तन, सुनौलो अवसर दिनेमा कुनै शङ्का छैन । सरकारले तय गरेका न्यूनतम कार्यक्रमप्रति सरकार गम्भीर भएर कार्य गर्ने छ भन्ने विश्वास छायो । सरकार जनताको विश्वासमा खरो उत्रोस् । जनताको आवाजलाई सुनोस् । साँच्चै यो सरकार हाम्रो हो भन्ने अनुभूति जनतालाई दिन सकोस् । मैले यी शुभकामना दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण दत्त मिश्र । समय ७ मिनेट । यसपछाडि माननीय गोपी बहादुर सार्की आछामी ।

**(१४:१८ बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, बधाई दिनुपर्नेलाई बधाई छ । त्यै पनि दुइटा, दुईजना माननीयज्यूहरूलाई मन्त्री र उपप्रधानमन्त्री हुनुभा' छ उहाँलाई विशेष बधाई छ । बधाई किन पनि छ भने हामी प्रधानमन्त्री प्रतिनिधि सभाबाट नै चुनिन्छ । मन्त्रीहरूको धुइँचो पनि प्रतिनिधि सभातिर नै बढायौं भने मन्त्रीहरूले देशको लागि काम गर्छन् कि गर्दैनन्? मन्त्रीहरूले आफ्नै पार्टीको लागि पनि काम गर्छन् कि गर्दैनन्? कहीं आफूले चुनाव जितेको क्षेत्रमुखी मात्र हुन्छन् कि? तसर्थ, अहिले जसरी दुइटा महत्त्वपूर्ण मन्त्रालयमा राष्ट्रिय सभाबाट मन्त्रीज्यूहरू हुनुहुन्छ त्यसै गरी राष्ट्रिय सभाबाट मन्त्रीहरू बढाउँदै जाने, बढाउँदै जाने मात्र होइन राष्ट्रिय सभाबाट मन्त्री भएका मन्त्रीहरूले निष्पक्षता कायम गर्नुका साथसाथै देशभरि अब यहाँ त कस्तो छ भने तपाईले त्यो रातो किताब हेर्नुभो' भने जहाँ जहाँ शक्तिशाली टाइपका ..... नेताहरू छैनन्? त्यो जिल्लामा, त्यो क्षेत्रमा त बजेटै बजेट । यता बजेट छ, उता बजेट छ, उता बजेट छ । साधारण अरू कुनै जिल्लाबाट त्यस्तो ठुलो नेता चुनिएको छैन भने त्यो जिल्लै पछि पर्ने । तसर्थ, अबका दिनमा हाम्रा राष्ट्रिय

सभाबाट जाने मन्त्रीहरूले यसलाई कसरी सच्याउने हो? यो सच्याउने जिम्मेदारी पनि उहाँहरूको कानमा छ र यसलाई सच्याउन पर्छ भन्ने मेरो अनुरोध पनि छ ।

(१४:२० बजे) **पुनः पीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना ।

**मानननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- अब म बधाई दिन चाहन्छु माननीय परराष्ट्र मन्त्रीज्यूलाई । उहाँलाई बधाई छ । उहाँलाई बधाई सर्तमा होइन सल्लाहमा छ । सल्लाह के छ भने एकचोटि पञ्चायत कालमा भारतलाई गाली गर्नु नै राष्ट्रियता ठानिन्थ्यो । अस्ति एमसीसी नेपालमा आएपछि अमेरिकालाई गाली गर्नु नै लोकप्रियता ठानिन्थ्यो । त्यो पोखरामा विमानस्थलको उद्घाटनको बेलामा चाइनाका कूटनीतिज्ञले यो बीआरआईभित्रको नै हो भनीकन छवास्स भन्दाखेरि भित्रभित्रै धेरै गाइँगुइँ कुराहरू आयो । तसर्थ, मेरो सल्लाह छ मन्त्रीज्यूलाई मन्त्रीज्यू, नेपाल यस्तो देश हुनुपर्छ भारतले पनि सोचोस् होइन नेपाल हामीसँगै बढी मित्रता भएको देश छ । चीनले पनि सोचोस् होइन नेपालको कारणले हामी कतिपय कुराहरूबाट नेपाल हाम्रो लागि ढाल भएको छ । त्यसै गरी अमेरिकाले पनि सोचोस् ए हाम्रा कारणले नेपालको सिमाना उत्तर दक्षिणतिर कहीँ पनि मिचिएको छैन कि, हामीलाई नेपालले विश्वास गरेको छ कि भनीकन उनीहरूले सोचोस् । त्यसकारणले यी सबैलाई के पश्चिमाहरूलाई, के भारतका नेताहरूलाई, के चीनका नेताहरूलाई सबैलाई विश्वासमा राखेर तपाईंले यो परराष्ट्र नीति चलाउनुहोला भन्ने हामीलाई विश्वास छ । अब धेरै त्यसको व्याख्या गर्यो भने यहाँ अरू कुराहरू पुग्दैन ।

अब परराष्ट्रमा हाम्रो यो हाम्रो यातायात मन्त्री (कस्तो पूरै नाम बिर्सन्छु । ज होस् त्यति भने पनि पुग्छ ।) हाम्रो नारायणकाजी श्रेष्ठ माननीयज्यू तपाईंले एउटा कुराको थालनी भने गरिहाल्नुस् । यो देशको सभ्यताको लागि खास गरी काठमाडौं सहरमा सभ्यताको विकास गर्नको लागि यो बस सार्वजनिक सवारीका कन्डक्टर र यो ड्राइभरहरूलाई उनीहरूलाई एउटा ट्रेनिङ दिनुहोस् । ट्रेनिङ के दिनुपर्ने छ तपाईं आफै बुझ्नुहोस् । मैले यहाँ भनें भने फेरि भोलि उनीहरू ..... हामीले त्यस्तो व्यवहार गर्या छौं र भनेर भन्दियो भने मलाई गाह्रो होला । त्यसकारणले त्यो ट्रेनिङले के हुने छ भने घर घरमा सभ्यता पुग्ने छ । घर घरमा कसरी बोल्नुपर्छ, कसरी नमस्कार गर्नुपर्छ, कसरी शिष्टता पेस गर्नुपर्छ भन्ने कुरा हाम्रो त अब सार्वजनिक कुराहरू त कहीं छैन । धेरै सार्वजनिक अब एउटा टुडिखेल ठुलो छ भनेर भन्या थियौं । रानी पोखरीदेखि लिएर त्रिपुरेश्वरसम्म । त्यो टुडिखेल पनि मिचिएको मिचियै छ । फेरि मैले कसले मिच्यो भनीकन

भन्न मलाई डर पनि लाग्छ । तपाईंहरू सबै बुझ्नुहोस् । कम से कम अहिले टुडिखेल मिचिएको छ । तर विदेशीहरूको गतिविधिका टुडिखेलहरू ठुलठुला टुडिखेलहरू ठाउँ ठाउँ निर्माण भएका छन् । यसलाई पनि नेपालीहरूले आफ्नो राष्ट्रियता बचाउन, राष्ट्रियताको संरक्षणको लागि ती टुडिखेलहरूलाई पनि अलि अलि साँगुरो पार्दै जानुपर्छ भन्ने मेरो अनुरोध छ । मैले दुवैलाई भनिसकें ।

अब एउटा कुरा छ । एउटा कुरा यहाँ अलिकति लेखेको छु मैले । (संस्कृत भाषामा बोल्नुभएको ।) म काँग्रेस पार्टीसँग सम्बन्धित छु । काँग्रेस पार्टीलाई यो स्लोकले अहिले एकातिर प्रतपक्षको भूमिका पनि निर्वाह गर्नुपरेको छ । (म सक्नै आँटे हजुर । सक्नै आँटे म । एकाध मिनेट चाहियो भने ..... । ) (**<u>सम्माननीय अध्यक्ष</u>**ः- एक मिनेट छ समय छ । बोल्नुस् माननीयज्यू ।) हजुरले त पाँचै मिनेट पनि दिन सक्नुहुन्छ । अरूले एक मिनेट त अरूहरू बस्या बेला पनि दिन्छन् । ल म होइन यो मैले यहाँ के छ भने (**<u>सम्माननीय अध्यक्ष</u>**ः- पक्षपात हुन्छ माननीज्यू त्यसो गर्दा) ।

सम्माननीय अध्यक्ष महोदय, जनताको पक्षमा बोल्यो भने राजा रिसाउँछ । मेरो यो स्लोकको अर्थ । राजाको पक्षमा ज्यादा कुरा गर्यो भने जनताले पत्याउँदै पत्याउँदैन । त्यसकारणले राजा र जनताको पक्षमा मेलमिलाप गराएर अगाडि, राजा र जनतालाई दुइटैलाई नपुर्याउने किसिमले (संस्कृत भाषामा बोल्नुभएको ।) त्यसकारणले राजा र जनतालाई मिलाएर लैजान सक्ने कार्यकर्ता दुलर्भ हुन्छ । अहिले काँग्रेसको काँधमा यो एउटा दुलर्भ कार्य पनि हाम्रो काँधमा आएको हुनाले त्यसलाई पनि लगनुपर्छ । बाँकी कुरा अब पछिल्लो दिनमै भनुम् कि क्या हो । हवस्, धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपी बहादुर सार्की आछामी । समय १० मिनेट ।

(१४:२६ बजे) **<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त म माघ १ गते पोखरा विमान दुर्घटनामा बितुहुने सम्पूर्ण नेपाली र विदेशी दाजुभाइ दिदीबहिनीहरू र विशेष गरेर मोरङ जिल्ला को-पाइलट अन्जु खतिवडालगायत सबैमा हार्दिक श्रदाञ्जली व्यक्त गर्न चाहन्छु । र मृतक सबैका परिवारप्रति हार्दिक संवेदना पनि व्यक्त गर्न चाहन्छु । त्यसै गरी म यो तेह्रौं अधिवेशनको सफलताको शुभकामना पनि व्यक्त गर्न चाहन्छु । साथै यो छोटो समयमा दुईवटा तहको निर्वाचन सम्पन्न भइसकेको छ । प्रदेश, सङ्घ, मुख्यमन्त्री, माननीयजीहरू, मन्त्रीज्यूहरू,

प्रधानमन्त्रीलगायत सबैमा हार्दिक शुभकामना । र विशेष गरेर अगि माननीयज्यूले भन्याजस्तै राष्ट्रिय सभाको तर्फबाट दुई जना उपप्रधानमन्त्रीसहित माननीय परराष्ट्र मन्त्रीज्यू र भौतिक योजना मन्त्रीज्यू हुनुभ'को छ । उहाँहरूलाई पनि म विशेष हार्दिक बधाई तथा कार्यकाल सफलताको निम्ति शुभकामना व्यक्त गर्न चाहन्छु ।

यो छोटो समयमा केही दुःखद घटनाहरू जस्तैः विमान दुर्घटना । यो एउटा दुःखद घटना । राष्ट्रको जीवनमा सुखद घटना फेरि राजनीति हिसाबले हेर्ने हो भने हामीले राष्ट्रिय सहमतिको जस्तै एउटा सरकार बनेको छ । नेपाली काँग्रेसको तर्फबाट सबै राजनीतिक दलहरू, नेकपा एमालेलगायतका पार्टीहरूको समर्थनमा सरकार बनेको छ । र यो एउटा राष्ट्रिय अभिभारा पूरा गर्ने हिसाबले हामीले १० वर्षको सशस्त्र क्रान्ति, १९ दिनको जनआन्दोलन, मधेश आन्दोलन र सबै परिवर्तनकारी आन्दोलन एउटै मूल लक्ष्य थियो राज्यको मूल परिवर्तन । यो विभेदकारी राज्यको परिवर्तन र एउटा समतामूलक राज्य । सबै चाहे त्यो सडकमा हुने श्रमजीवी वर्ग होस् या महलमा हुने सम्भ्रान्तहरू सबैले राज्यको अनुभूति हुनुपर्छ, राज्यको अनुभूति गर्न पाउनुपर्छ र विशेष गरेर जातीय, वर्गीय, क्षेत्रीय र लिङ्गीय उत्पीडनमा पारिएका आधारभूत तहका जनताहरू अधिकार सम्पन्न हुनुपर्छ र त्यस्तो राज्य चाहिन्छ भनेर हामीले सशस्त्र क्रान्तिको दौरानमा ती आवाजहरूलाई बुलन्द गरेका थियौं । त्यसपछि १२ बुँदे सम्झदारी हुँदै १९ दिनको जनआन्दोलन र सबै परिवर्तनकारी आन्दोलन संविधान सभा हुँदै यहाँसम्म आउँदाखेरि एउटा १२ बुँदे सम्झदारीको निरन्तताजस्तो । आज एउटा राष्ट्रिय सहमतिको बिचबाट, राष्ट्रिय एकताको बिचबाट हामी अगाडि बढ्नुपर्ने जुन एउटा चुनौती यो नेपाली समाजमा र राजनीतिक पार्टीहरूप्रति जुन खालको एउटा वितृष्णाजस्तो देखिएको थियो, जनतामा आक्रोसजस्तो । यी पार्टीहरू सबै उस्तै उस्तै हुन् । खान जन्मेका हुन् । यिनले केही पनि गर्दैनन् । जनताको हितमा काम गरिराखेका छैनन्, गरेनन् भन्ने खालको एउटा आक्रोस थियो । यो चुनावपछि विशेष गरेर यो सरकार बनिसकेपछि ।

यो सरकारमा फेरि सबै युवा नयाँ साथीहरू मन्त्रीमण्डलमा जानुभ'को छ र एउटा उर्जा बोकेर गइराख्नुभ'को छ । एउटा विश्वास पनि, जनतामा पनि एउटा आँधीहुरी आइराखेको पछि आँधीहुरीपछिको एउटा सन्नाटाजस्तो एउटा शान्त ताउमा भेल आइराख्या, बाढी आइराख्या तलाउको चैं जुन स्थिति थियो त्यो स्थितिको बिचबाट चैं अहिले शान्त तलाउजस्तो अनुभूति हामीले गरिराखेका छौं । जनतामा एउटा ठुलो आशा जागृत भइराखेको छ । राजनीतिक पार्टीहरूप्रति एउटा विश्वास पनि बिस्तारै अङ्कुरित हुँदै गइराखेको छ । अब यो स्थितिमा हामीले देशमा सुशासन कायम गर्नको निम्ति, शान्ति कायम गर्नको निम्ति शान्ति प्रक्रियाका आधारभूत

कामहरू चैं टुङ्गिसकेका छैनन् । त्यसलाई टुङ्ग्याउनको निम्ति दुई देशको बिचको सीमा विवादलगायतका विषयहरू पनि छन् । त्यसलाई पनि हामीले हल गर्नको निम्ति, सुशासन कायम गर्नको निम्ति र आर्थिक समृद्धि हुँदै यो देशलाई विकासको बाटोतर्फ अगाडि बढाउनको निम्ति हामीलाई अहिले राष्ट्रिय एकताको आवश्यकता छ । सबै मिलेर जानुपर्ने आवश्यकता छ । यो मत परिणामले पनि त्यै भनिराखेको छ । र हामी सरकार जस्तो भनाइराखेका छौं त्यो सरकारको स्ट्रक्चर हेर्दाखेरि पनि त्यहाँ सहभागी राजनीतिक पार्टीहरूको प्रतिनिधित्वको स्थिति हेर्दाखेरि पनि र त्यहाँ भौगोलिक हिसाबले, जातीय हिसाबले, क्षेत्रीय हिसाबले, लिङ्गीय हिसाबले सबै समावेशिताको स्थितिलाई हेर्दाखेरि पनि एउटा सुन्दरजस्तो हामीले जे अनुभूति गरिराखेको छौं त्यसले एकता, सहकार्य र सहमतिबाट नै अगाडि बढ्ने र यो देशलाई अब आर्थिक विकासको दिशातर्फ राजनीतिक झगडा होइन । राजनीतिक क्रान्ति होइन अब हामीले आर्थिक क्रान्तिको दिशातर्फ यो देशलाई अगाडि बढाउनुपर्छ भन्ने जे अपेक्षा जनताको पनि छ र परिस्थितिले पनि र हामी सबै राजनीतिक पार्टी जसरी एक ठाउँ उभिएर अगाडि बढ्न कोसिस गरिराखेका छौं यो असाध्यै सुन्दर पक्ष हो । र यसका लागि म सबै राजनीतिक पार्टीका आदरणीय मित्रजनहरू र सबैमा मेरो आफ्नो तर्फबाट हार्दिक धन्यवाद पनि म ज्ञापन गर्न चाहन्छु । यो एउटा सुखद कुरा हो । यद्यपि चुनौती छैनन् भन्ने करा होइन । अर्थतन्त्र असाध्यै कमजोर छ । हामी सबै विभिन्न विचार राख्नेहरू चैं एउटा मूल धार जान खोजिराखेका छौं । अगाडि बढिराखेका छौं । त्यो एकता कति टिक्छ, कति अगाडि बढ्छ भन्ने एउटा आशङ्का नेपाली समाजमा नेपाली जनताहरूले गरिराखेका पनि स्थिति छ । तर पनि हामी मिलेर जानुको विकल्प छैन र हामी मिलेर जानुपर्छ भन्ने विषय म यहाँ राख्न चाहन्छु ।

अर्को हाम्रो नेपाल प्राकृतिक हिसाबले पनि सौन्दर्य छ । र हामीसँग प्रतिभाहरू पनि धेरै छन् । ती प्रतिभाहरू राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा चैं कुनै न कुनै रूपमा स्थापित छन् । चाहे त्यो सीताको बेलाको होस् चाहे त्यो बुद्धको बेलाको होस्, चाहे जनकको बेलाको होस् र अरू हाम्रा राष्ट्रिय विभूतिहरूले जसरी सन्देश अन्तर्राष्ट्रिय जगतमा दिइराखेका छन् नेपालको एउटा पहिचानलाई चैं स्थापित गरिराखेका छन् ।

त्यसै गरी अहिले तापलेजुङको ओलाङ्चुङ गोला एउटा विकट ठाउँमा जन्मिनुभएका डाक्टर, आँखाका विशेषज्ञ डाक्टर सन्दुक रुइत जसले अहिले इशा अवार्ड पाउनुभ'को छ र यो चिकित्सा विज्ञानमा विशेष गरेर चैं आँखाको उपचारको क्षेत्रमा मोतीविन्दु उपचारको नयाँ प्रविधि, नयाँ तरिका एउटा संसारमा त्यसलाई स्थापित गर्ने, त्यसलाई चिनाउने भूमिकामा आएर बहराइन सरकारले उहाँलाई सम्मान स्वरूप पुरस्कृत गरेको छ, अवार्ड दिएको छ । यतिप्रति म बहराइन

सरकारलाई पनि आफ्नो तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु र डाक्टरलाई पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यो राष्ट्रको पहिचानलाई उहाँले विश्वमै स्थापित गर्नुभ'को छ । यो असाध्यै महत्त्वपूर्ण कुरा हो । प्रतिभाहरू जन्मिने रहेछन् । देश सानो ठुलोको कुरा होइन । प्रतिभाहरू जहाँ पनि जन्मिनछन् । जुन वर्गमा पनि जन्मिनछन् । चाहे त्यो गरिब होस् चाहे धनी । जहाँ पनि जन्मिने रहेछन् भन्ने एउटा म्यासेज गएको छ र यसले राष्ट्रको गौरवलाई स्थापित गरेको छ । र चिकित्सा क्षेत्रबाट पनि राष्ट्रलाई अगाडि बढाउन सकिन्छ, नागरिकलाई अगाडि बढाउन सकिन्छ, एउटा सन्देश दिन सकिन्छ भन्ने जुन अहिले एउटा सन्देश गएको छ यसको लागि म डाक्टर साबलाई पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

र अहिले समाज केही खालका घटनाहरू घटिराखेका छन् । न्युजहरूमा आइराखेको छ । क्रसर व्यवसायीहरूले अहिले वैध र अवैध रूपमा चलेका दुइटै क्रसर चैं अहिले बन्द गरेर निर्माण क्षेत्रमा चैं त्यसको असर गरिराखेको भन्ने न्युजहरू आइराखेको छ । नेपाल सरकारले त्यसलाई जसरी गृह मन्त्रालयले इनिसिएसन लिन खोजेको छ म के निवेदन गर्न चाहन्छु भने गैरकानुनी हिसाबले चलेका ती क्रसरहरू चैं बन्द गरिनुपर्छ । या त्यसलाई नियमन गरिनुपर्छ र कानुनी दायरमा ल्याइनुपर्छ । र कानुनी रूपमा त्यसलाई चलाउनुपर्छ भन्ने विषय राख्न चाहन्छु ।

त्यस्तै गरी अहिले कोशी अञ्चल हस्पिटलमा एउटा सानो बच्चाको उपचारको क्रममा मृत घोषणा गरेको तर चैं उनी नमरेको भन्ने छ । त्यहाँ डाक्टरको लापरबाहीको कारणले त्यसो भएको हुनाले त्यसलाई छानबिन गरियोस् । छानबिनको दायरामा ल्याउनुपर्छ । दोषीलाई कारबाही गरिनुपर्छ भन्ने म चाहन्छु ।

र त्यसै गरी अब नेपाल सरकारले विभिन्न विधेयकहरू निजामती कर्मचारीका विधेयकहरू, शान्ति प्रक्रियासँग जोडिएका विधेयकहरू, नागरिकतासँग जोडिएका विधेयकहरूलगायतका थुप्रै विधेयकहरू चैं अड्किएर बसिराखेका छन् । त्यसले सुशासन र समृद्धिलाई अगाडि बढाउनुको निम्ति, सरकारी कामकाज र जनसेवालाई अगाडि बढाउनुको निम्ति असर गरिराखेको छ । त्यो छिट्टै ल्याओस् भन्ने आह्वान र आग्रहसहित मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । हवस् त, अभिवादन । नमस्ते ।

**(१४:३६ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट

मन्त्रिपरिषद्को गठनसम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब म उक्त पत्रको बेहोरा जानकारी गराउँदछु ।

विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/१०/०३ गते देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति र कार्यविभाजनसमेत गर्नुभएको बेहोरा सादर अनुरोध गर्दछु ।

| **क.सं.** | **नाम, थर** | **पद** | **कार्यविभाजन** |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | युवा तथा खेलकुद, वन तथा वातावरण |
| २. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| ४. | श्री रबि लामिछाने | उपप्रधानमन्त्री | गृह |
| ५. | श्री राजेन्द्रप्रसाद लिङ्देल | उपप्रधानमन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ६. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ७. | श्री विक्रम पाण्डे | मन्त्री | शहरी विकास |
| ८. | श्री ज्वाला कुमारी साह | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| ९. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १०. | श्री राजेन्द्र कुमार राई | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| ११. | श्री अब्दुल खान | मन्त्री | खानेपानी |

| | | | |
|---|---|---|---|
| १२. | डा. विमला राई पौड्याल | मन्त्री | परराष्ट्र |
| १३. | श्री पदम गिरी | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १४. | श्री भगवती चौधरी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १५. | श्री हरिप्रसाद उप्रेती | मन्त्री | रक्षा |
| १६. | श्री सुदन किराती | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १७. | श्री अमनलाल मोदी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| १८. | श्री शिशिर खनाल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १९. | श्री डोलप्रसाद अर्याल | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २०. | श्री ध्रुवबहादुर प्रधान | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| २१. | श्री सुशिला सिर्पाली ठकुरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| २२. | डा. तोसिमा कार्की | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २३. | श्री दिपक बहादुर सिंह | राज्यमन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/१०/०३ गते

माननीय सदस्यहरू, माननीय मृगेन्द्र कुमार सिंह यादवलाई राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिमा मनोनयन गरेको छु । माननीय सदस्यहरू, प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले टेबल ठोकेर सहमती जनाउनुभएको)

माननीय सदस्यहरू, दिगो विकास तथा सुशासन समितिका लागि प्रस्तावित नामलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँदछु ।

(माननीय सदस्यहरूले टेबल ठोकेर सहमती जनाउनुभएको)

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या ३ को विषयलाई कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, "नेपाल विश्वविद्यालय विधेयक, २०७९" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदछु । माननीय सदस्यहरू, अब म, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनालको तर्फबाट माननीय परराष्ट्र मन्त्री विमला राई पौडयाललाई "नेपाल विश्वविद्यालय विधेयक, २०७९" सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

(१४:४० बजे) **माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौडयाल**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूसम्बन्धी व्यवस्थाअन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक प्राविधिक व्यावसायिक सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेको छ । सोहीबमोजिम नेपालका विश्वविद्यालयहरू स्थापना भई सञ्चालन हुँदै आइरहेका छन् । अहिले सूचना र प्रविधिको विस्तार भई विभिन्न नवीनतम विषयहरू आइरहनुका अतिरिक्त मौलिक विषयहरूको पनि संरक्षण गर्नुपरेको छ । त्यस्ता विद्यातर्फ गुणस्तरीय उच्च शिक्षा हासिल गर्नुपर्ने भएको र सोको लागि काठमाडौं उपत्यकाबाहिर विश्वविद्यालय र यसको केन्द्रीय कार्यालय रहने गरी विश्वविद्यालयको स्थापना सञ्चालन तथा सञ्चालन गर्दा उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धान गुणस्तरीय, जीवन उपयोगी, नवप्रवर्तनकारी र समयसापेक्ष भई मुलुकको सर्वाङ्गीण विकासका लागि योगदान पुग्न जाने हुन्छ । दक्ष, सृजनशील, उद्यमशील तथा प्रतिस्पर्धीसम्बन्धी

मानव स्रोत उत्पादन गर्न उत्कृष्ट प्राज्ञिक केन्द्रको आवश्यकता भएको कारण यो कार्य पूरा गर्न प्रस्तुत विश्वविद्यालय स्थापना गर्न आवश्यक रहेको छ ।

अध्यक्ष महोदयको अनुमतिले अन्तरविधात्मक अवधारण लिबरल आर्टसँग सम्बन्धित विधामा गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयबाट अध्ययन, अध्यापन तथा अनुसन्धान हुँदा मुलुकको समृद्धिको लागि आवश्यक पर्ने नैतिक मूल्य र मान्यताप्रति प्रतिबद्ध उच्चस्तरको जनशक्ति उपलब्ध हुन जाने भएकोले प्रस्तुत नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्दछु । धन्यवाद ।

**(१४:४१ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल माघ १० गते मङ्गलवार अपराह्न १:०१ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, यो बैठक २०७९ साल माघ १० गते मङ्गलवार अपराह्न १:०१ बजे बस्ने गरी यो बैठक स्थगित भयो)

**स्थगितः १४:४२ बजे।**